का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ जेठ २०७९,
मंगलबार
17 May 2022,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न





*२५६६औं बुद्धजयन्तीको अवसरमा सोमबार साँझ दीपावलीपछि लुम्बिनीस्थित माया देवी मन्दिर क्षेत्रको दृष्य । तस्वीर: रत्न श्रेष्ठ*



प्रारम्भिक परिणाम

# गठबन्धनमा खटपट !

स्थानीय तहको प्रारम्भिक नतिजा सोचे जस्तो नआएपछि सत्ता गठबन्धनका मुख्य दुई घटक नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र आन्तरिक समीक्षामा जुटेका छन् ।

> प्रतिस्पर्धी दलले माओवादीलाई नहेपे हुन्छ । पटक-पटक पुष्टि भइसकेको छ कि माओवादी विचार भएको पार्टी हो । कार्यकर्ता भएको, संगठन भएको पार्टी हो । नेतृत्व भएको पार्टी हो । बलिदानबाट आएको पार्टी हो ।
>
> ■ **बर्षमान पुन**
> नेता, माओवादी केन्द्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

स्थानीय तहको प्रारम्भिक नतिजालाई लिएर पाँच दलीय सत्तागठबन्धनका मुख्य दुई घटक नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र आन्तरिक समिक्षामा जुटेका छन् । सबैभन्दा ठूलो दल हुने अनुमानले नेपाली कांग्रेसका नेताहरु गठबन्धनले घाटा भएको निष्कर्षमा पुगेका छैनन् र सार्वजनिक रुपमा बोलेका पनि छैनन् ।

तर, नेकपा माओवादी केन्द्र गठबन्धन गरेका कारण कम पालिका प्रमुखमा सिमिति हुनु परेको भनेर सार्वजनिक रुपमै आलोचनामा उत्रन थालेको छ । यसले गठबन्धनमा प्रारम्भिक नतिजाले गडबड सुरु भएको संकेत गरेको छ । १८४ स्थानीय तहको प्रमुखको नतिजा आउँदा सबैभन्दा बढी ८५ पालिका प्रमुख नेपाली कांग्रेसले – बाँकी पृष्ठ २ मा

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल
# पश्चिम नेपालका वैदेशिक कामदारलाई सहज र सुलभ उडान

**मध्यान्ह संवाददाता**
भैरहवा, २ जेठ

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान शुरु भएपछि मुलुकको अन्य क्षेत्रले जस्तै वैदेशिक रोजगारका लागि जाने श्रमिकहरूले पनि लाभ पाउने भएका छन् । सोमबार बिहान ७ बजे जजिरा एयरवेयजको जहाज अवतरण भएपछि उक्त विमानस्थलमा व्यावसायिक अन्तर्राष्ट्रिय उडान शुरू भएको हो ।

२५६६ औं बुद्धजयन्तीको अवसर पारेर कुवेतबाट १७८ यात्रु बोकेर न्यारोबडी जहाज अवतरण गरेको हो । उक्त जहाजले मंगलबार बिहान साढे दुई बजे नेपालबाट यात्रु बोकी कुवेतका लागि उडान भर्ने योजना रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

जजिरा एयर सस्तो फ्लाइट प्रदान गर्ने वायुसेवा कम्पनीको रूपमा विश्वव्यापी परिचित छ। मंगलबार भैरहवा कुवेतको भाडा २ सय ४० अमेरिकी डलर कायम गरिएको छ ।

उक्त जहाजबाट सोमबार अवतरण गरेका रूपन्देही छपियाका सोमकान्त बरालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट यात्रा गर्दाको हैरानीबाट मुक्त भएको भन्दै कुवेतबाट सिधै आफ्नो शहरमा अवतरण गर्न पाउँदा अन्यन्तै आनन्द लागेको बताए। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लगेज फुटाउने, चोरी गर्ने समस्या रहेको गुनासो गर्दा कुनै सुनुवाइ नहुने भन्दै उनले अब त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका कर्मचारीको रूखो व्यवहारबाट मुक्ति मिलेको बताए। उनले भने, 'यहाँ कर्मचारीले त्यसरी हेप्न सक्ने छैनन्, विदेशबाट दुःख गरेर आउनेलाई ठगी गर्न खोजे तुरुन्तै प्रतिवाद हुन्छ ।'



कुवेतबाट आएका बुटवलका रेम मगरलाई लिन आफ्नो काखे बच्चासहित आएकी फुर्की मगरले भनिन्, 'आफ्नै ठाउँमा स्वागत र बिदाइ गर्न पाउँदा ढुक्क हुँदो रहेछ ।' उनले त्यहाँबाट मोटरसाइकलमा नै घर जान सकिने भएकाले विदेशमा दुःख गरी कमाएको रकम पनि बचत हुने बताइन् । त्यस्तै रेम मगर भन्छन्, 'पहिले कुवेतबाट काठमाडौं अवतरण गर्नुभन्दा काठमाडौंबाट – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## एकको अग्रता, दुई निकटतम

**काठमाडौं/मस–** स्थानीय तह निर्वाचनको जारी मतगणनामा वैदेशिक रोजगार पृष्ठभूमि भएका मेयरका तीन उम्मेदवारमध्ये एक जनाले अग्रता लिएका छन् भने दुई जना निकटतम प्रतिस्पर्धीका रूपमा देखिएका छन् । इलामको सुर्योदय नगरपालिकाको मेयर पदका उम्मेदवार नेकपा एकीकृत समाजवादी पार्टीको तर्फबाट रनबहादुर राईले अग्रता लिएका छन्। राई यसअघि पनि सुर्योदय नगरपालिकाका मेयर हुन् ।

वैदेशिक रोजगार पृष्ठभूमिका भई नेपाली कांग्रेसको तर्फबाट पाल्पाको रामपुर नगरपालिकाको मेयर पदका उम्मेदवार रमण बहादुर थापालाई पछिल्लो अवस्थामा एमालेका शिव अर्यालले पछि पारेका छन् । रामपुरमा सोमबार राति नै मत गणना सकिने आंकलन गरिएको छ ।

त्यस्तै नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका संस्थापक अध्यक्ष सरोज कुमार पोखरेल सुनसरीको इनरूवा नगरपालिकाको मेयर पदमा निकटतम प्रतिस्पर्धीको रुपमा दोश्रो स्थानमा छन् ।

जंगली च्याउहरू विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेरमात्र खाऔं । खेती गरेको उमारेका च्याउमात्र खाने गरौं । अमूल्य जीवन सुरक्षित गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड



# लुम्बिनीमा मोदी

नेपाल भ्रमणमा आएका भारतीय समकक्षी नरेन्द्र मोदीसँग प्रधानमन्त्री शेरबहादुर देउवा । तस्वीर: रासस

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी लुम्बिनी भ्रमण सकेर सोमवार नै स्वदेश फर्किएका छन् । बिहान लुम्बिनी आएका मोदी दिउँसो भारत फर्किएका हुन् । समकक्षी मोदीलाई प्रधानमन्त्री शेरबहादुर देउवाले अन्तर्राष्ट्रिय बौद्ध प्राथना केन्द्रको हेलिप्याडमा स्वागत गरेका थिए ।

प्रधानमन्त्री मोदी लुम्बिनी आउँदा प्रधानमन्त्री देउवासँग पत्नी आरजु, गृहमन्त्री बालकृष्ण खाण, – बाँकी पृष्ठ २ मा

# आजदेखि बजेट अधिवेशन

संघीय संसद्को बजेट अधिवेशन मंगलबारदेखि सुरु हुँदै छ । यो अधिवेशनको मुख्य काम बजेट पारित गर्नु हो ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २ जेठ ।

आजबाट संघीय संसदको अधिवेशन शुरु हुँदैछ। संघीय संसद सचिवालयका अनुसार पहिलो दिन संघीय प्रतिनिधिसभामा पाँचवटा सम्भावित कार्यसूची रहेका छन् ।

जसअनुसार सुरुमा सभामुख अग्निप्रसाद सापकोटाले राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनेछन् । त्यसपछि सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठनसम्बन्धी पत्रहरुको व्यहोरा पढेर सुनाउने कार्यतालिका छ ।

त्यसपछि सभामुख सापकोटाले प्रतिनिधिसभा नियमावली २०७५ को नियम १० को उपनियम १ बमोजिम अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन गर्नेछन् ।

त्यसपछि दुईवटा अध्यादेश पेस गर्ने कार्यतालिका छ । जसअनुसार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा (कोइराला)ले फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बनधी केही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७८ पेस गर्नेछन्। कानुनमन्त्रीले नै यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश २०७८ पेस गर्ने कार्यतालिका छ ।

> बजेटका अलावा नागरिकता विधेयक, संघीय निजामति कर्मचारी सम्बधी कानुन बनाउने विषयलाई प्राथमिकतामा राख्ने प्रयत्न गरिनेछ ।
>
> ■ **पुष्पा भुसाल**
> सचेतक, नेपाली कांग्रेस

आजै अर्थमन्त्री जनार्दन शर्माले – बाँकी पृष्ठ २ मा

कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO: 3 Male/ Female (Salary :35000)

सम्बन्धित काममा दक्ष भएकालाई प्राथमिकता दिईनेछ ।
म्यानपावरमा ५ वर्षको अनुभव भई राम्रो ज्ञान भएको हुनुपर्दछ ।

Email: hr@mobhiraservices.com
jagat.mobhirarecruitment@gmail.com
Contact: 9817032294

Mobhira Recruitment
Consultancy Service Pvt. Ltd.
Budhanilkantha-06, Hatigauda, Kathmandu

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३ जेठ २०७९, मंगलबार
17 May 2022, Tuesday

# ४ केन्द्रमा आज मतदान



**काठमाडौं/मस–** वैशाख ३० गते स्थगित भएको सात केन्द्रमा सोमबार मतदान सम्पन्न भएको छ। सोमबार धनुकुटाको शहीदभूमि गाउँपालिका-६, सप्तरीको रुपनी गाउँपालिका-५, रामेछापको खाँडादेवी गाउँपालिका १, सुर्खेतको सिम्ता गाउँपालिका-३, बझाङको केदारस्यूँ गाउँपालिका ४, बझाङको सुर्मा गाउँपालिका- २ र बझाङकै सुर्मा गाउँपालिका-३ मा मतदान भएको निर्वाचन आयोगले जनाएको छ।

यस्तै आज चार मतदान केन्द्रमा मतदान हुँदैछ। काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-१३, कञ्चनपुरको पुनर्वास नगरपालिका-१०, बाजुराको बुढीनन्दा नगरपालिका- ८ र अछामको पञ्चदेवल विनायक नगरपालिका-५ मा मतदान हुने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

यसैगरी जेठ ४ गते तनहुँको व्यास नगरपालिका- ८ को गाविस भवन फेदी मतदान केन्द्रमा पुनः मतदान हुँदैछ भने पुनः मतदान गर्नुपर्ने अन्य मतदान केन्द्रमा पनि केही दिन भित्रमा मतदान गर्ने गरी सूचना प्रकाशन हुने आयोगले जनाएको छ।

यस्तै, गत शुक्रबार स्थगन भएकामध्ये पाँच स्थानीय तहका सातवटा मतदान केन्द्रमा आयोगले आइतबार मतदान सम्पन्न गरिसकेको छ। आयोगका अनुसार जुम्लाको गुठीचौर गाउँपालिका-३ को शङ्कर मावि, गर्ज्याङ्कोट मतदानस्थलको एक मतदान केन्द्र, सप्तरीको डाक्नेश्वरी नगरपालिकाका-२ को जनता मावि, हरिहरा मतदानस्थलका दुई मतदान केन्द्र, कालीकोटको रास्कोट गाउँपालिका-४ को रमालमष्टो मावि, स्युनाको एक मतदान केन्द्र, कालीकोटकै पचालभरना गाउँपालिका-३ को जनता मावि, खार्दुपको एक मतदान केन्द्र, बझाङको जयपृथ्वी नगरपालिका सुनी वडा नं ७ को सुनीपीपल चौर माविको दुई मतदान केन्द्रमा आइतबार निर्वाचन भएको हो।

# छुट्टाछुट्टै दुर्घटनामा ६ जनाको मृत्यु

**काठमाडौं/मस–** देशका छुट्टाछुट्टै स्थानमा भएको दुर्घटनामा ६ जनाको ज्यान गएको छ।

दार्चुलाको शैल्यशिखर नगरपालिका-६ ग्वानीमा हायस दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ। गोकुलेश्वरबाट पनेबाँजतर्फ आउँदै गरेको म१ज २७७ नम्बरको उक्त हायस ग्वानीस्थित वडा कार्यालय नजिकै रोलाखोलामा दुर्घटना भएको हो।

दुर्घटनामा चालक २३ बर्षिय प्रकाशसिंह धामी तथा २२ बर्षिय नविनसिंह धामी र १९ बर्षिय हरिसिंह धामीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरीका अनुसार मृतक ग्वानीका स्थानीय हुन्।

**दुर्घटनामा दुईको मृत्यु**

रसुवामा आइतबार राति भएको मोटरसाइकल दुर्घटनामा दुईको निधन भएको छ। दुर्घटनामा उत्तरगया गाउँपालिका-१ का ४० वर्षीय राम तामाङ र नुवाकोट जिल्ला विदुर नगरपालिका-१० को ४३ वर्षीया पम्फा तामाङको निधन भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता विष्णुप्रदीप बस्यालले बताए। उनका अनुसार बेत्रावतीबाट खाल्टेबगरतर्फ जाँदै गरेको बा ९६ ज २०९४ नम्बरको पल्सर मोटरसाइकल दुर्घटना हुँदा उनीहरूको मृत्यु भएको हो।

उनीहरु स्थानीय निर्वाचनमा उत्तरगया गाउँपालिका-४ का विजयी वडाध्यक्षको आफन्त भएकाले बधाई दिन जाने क्रममा उक्त मोटरसाइकल उत्तरगया-५ स्थित खाल्टेबगरमा दुर्घटना भएको हो। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

**वडा सदस्यका उम्मेदवारको मृत्यु**

धादिङको ससाहमा सोमबार मोटरसाइकल दुर्घटना हुँदा वडा सदस्यका उम्मेदवारको मृत्यु भएको छ। पोखराबाट धादिङबेँसी आउँदै गर्दा आइचर ट्रकसँग ठोक्किएर नीलकण्ठ नगरपालिका-७ का २९ वर्षीय अर्जुन पोखरेलको मृत्यु भएको हो।

उनी गठबन्धनका तर्फबाट माओवादी केन्द्रको चुनाव चिह्न लिएर नीलकण्ठ नगरपालिका-७ को वडा सदस्य उम्मेदवार थिए। नीलकण्ठ निर्वाचन कार्यालयले भोटगन्नसमेत सुरु नगर्दै उनको मृत्यु भएको हो।

दुर्घटनामासँगै सवार नीलकण्ठ नगरपालिका-४ का सन्तोष अधिकारी गम्भीर घाइते भएका छन्। उनको धादिङमा उपचार हुन नसकी काठमाडौं ट्रमा सेन्टर पठाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक जागेश्वर भण्डारीले बताए। धादिङबेँसीबाट काठमाडौंतर्फ जाँदै गरेको बा५ख ७०७२ नम्बरको आइचरले वाग्मती प्रदेश ०२-०३३ प ३३९४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको थियो। पोखरेलको धादिङ अस्पतालमा मृत्यु भएको हो।

## गठबन्धनमा...

जितेको छ। एमालेले ५७ पालिका प्रमुख जितेको छ भने नेकपा माओवादी केन्द्रले ३९ पालिका प्रमुख जितेको छ। नेकपा एकीकृत समाजवादीले ३ पालिका प्रमुख जितेको छ।

१८५ पालिका उपप्रमुखको नतिजा आउँदा कांग्रेसले ८३ पालिका प्रमुख जितेको छ भने एमालेले ५६, माओवादी केन्द्रले ३७६, नेकपा एकीकृत समाजवादीले ७ र जनता समाजवादी पार्टीले २ पालिका उपप्रमुख जितेको छ। प्रारम्भिक यो नतिजालाई लिएर सत्तागठबन्धनभित्र गडबडको संकेत देखा परेको हो।

नेकपा माओवादी केन्द्रका नेता बर्षमान पुनका अनुसार यो स्थनीय तहको चुनावमा दोस्रो ठूलो दल बन्ने पार्टीको लक्ष्य थियो। एक्लै लड्दा पनि २ सय बढी पालिका प्रमुख जित्ने आंकलन हुँदा हुँदै त्यो भन्दा बढी पालिका जित्ने र नेकपा एमालेलाई साइजमा ल्याउनका लागि स्थानीय तहको चुनावमा गठबन्धनका लागि माओवादी निरन्तर लडेको थियो। तर, चुनावी परिणामले माओवादी केन्द्र २०७४ सालकै स्थितिमा रहने देखा परेको छ।

०७४ को चुनावमा एमालेले २९४ तहमा प्रमुख जितेको थियो भने उपप्रमुख ३३१ स्थानमा जितेको थियो। नेपाली काग्रेसले २६६ स्थानमा प्रमुख र २२३ स्थानमा उपप्रमुख जितेको थियो। माओवादी केन्द्रले १०६ स्थानमा प्रमुख जितेको थियो भने १११ स्थानमा उपप्रमुख जितेको थियो।

तत्कालिन संघीय समाजवादीले ३४ प्रमुख र ३२ उपप्रमुख जितेको थियो भने राजपाले २५ प्रमुख र ३० उपप्रमुख पद जितेका थिए। अहिले यी दुबै दल जसपा र लोसपामा छन्। हाल कांग्रेसमा समाहित भइसकेको लोकतान्त्रिक फोरमले ९ स्थानमा प्रमुख र ८ स्थानमा उपप्रमुख जितेको थियो। स्वतन्त्र उम्मेदवारले ६ वटा प्रमुख र ५ वटा उपप्रमुख जितेका थिए।

राप्रपाले ५ र राष्ट्रिय जनमोर्चाले ३ स्थानमा प्रमुख जितेका थिए भने तत्कालिन नयाँ शक्ति पार्टी र नेपाली जनता दलले दुई/दुई स्थान जितेका थिए। नेमकिपाले भक्तपुर नगरपालिकामा एक प्रमुख र एक उपप्रमुख जितेको थियो। यो समग्र नतिजामा दोस्रो हुने दाउ पुरा नहुने देखेपछि माओवादी नेताहरुले सार्वजनिक रुपमै गठबन्धनबारे मुख खोल्न थालेका हुन्।

सोमबार मात्रै माओवादी नेता बर्षमान पुनले माओवादी केन्द्रलाई नहेप्न सत्ता गठबन्धनको नेतृत्वकर्ता नेपाली कांग्रेसलाई सुझाव दिए। देशभर गठबन्धन गरौं भन्दा अनेकन तिकडम गरेर थोरै पालिकामा मात्रै गठबन्धन गर्ने कांग्रेसले नीति लिएको उनको भनाइ छ। तालमेल भएको ठाउँमा पनि माओवादीले इमानदार पुर्वक साझा उम्मेदवारलाई भोट हाल्ने र कांग्रेसले माओवादी केन्द्रको भागमा परेको उम्मेदवारलाई भोट नहाल्ने प्रवृति देखा परेको उनको विश्लेषण छ।

अर्कोतर्फ एमालेसँग तालमेल गर्न नपाउने केन्द्रीय नीति विपरित कांग्रेसले एमालेसँग मिलेर कार्णलीका कतिपय स्थानीय तहमा माओवादी केन्द्रमा उम्मेदवारलाई हराउने खेल खेलेको भन्दै नेता पुनले माओवादी पार्टीलाई नहेप्न चुनौती दिएका हुन्। स्थानीय तहको चुनावको प्रारम्भिक नतिजाले आगामी दिनका सहकार्यका लागि थप गम्भीर भएर सोच्नुपर्ने स्थिति पैदा भएको उनको भनाइ छ। 'प्रतिस्पर्धी दलले माओवादीलाई अब नहेपे हुन्छ', नेता पुनले भनेका छन्, 'पटक-पटक पुष्टि भइसकेको छ कि माओवादी विचार भएको पार्टी हो। कार्यकर्ता भएको पार्टी, संगठन भएको पार्टी हो। नेतृत्व भएको पार्टी हो। बलिदानबाट आएको पार्टी हो।'

## लुम्बिनीमा ...

परराष्ट्रमन्त्री डा. नारायण खड्का, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेनुकुमारी यादव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल पनि लुम्बिनी पुगेका थिए।

लुम्बिनी दर्शनमा आएका प्रधानमन्त्री मोदीसँगै प्रधानमन्त्री देउवा पनि त्यहाँ सहभागी भएका थिए। दुई प्रधानमन्त्रीको उपस्थितिमा लुम्बिनीमा बुद्धजयन्ती विषेश समारोह भएको थियो। समारोहमा प्रधानमन्त्री देउवाले बुद्धको जीवनसँग सम्बन्धित महत्वपूर्ण स्थानहरूलाई एकापसमा जोड्ने बौद्ध परिपथ विकास गर्न नेपाल र भारत प्रतिबद्ध रहेका बताए। 'विश्वभर बौद्ध धर्मावलम्बीहरूलाई नेपाल र भारतमा रहेको भगवान् बुद्धको जीवनसँग जोडिएका महत्वपूर्ण स्थानहरूको भ्रमण उत्प्रेरित गर्नेछ', प्रधानमन्त्री देउवाको भनाइ थियो।

भारतीय प्रधानमन्त्री मोदीले भारत र नेपालबीचको सम्बन्ध हिमालझैँ अटल रहेको बताए। भारत र नेपालबीच समान रीतिरिवाज, परम्परा, संस्कृति र सामाजिक संरचनाले दुवै देशका जनतालाई एकापसमा जोडेको बताए।

मोदीले बुद्ध उपदेशका अंशलाई आफ्नो मन्तव्यमा बेलाबेलामा समावेश गरेका थिए। विश्व सम्पदास्थलका रुपमा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले विश्व सम्पदामा राखेका भारतका गया, नालन्दा, वैशाली, पूर्वी चम्पारण, भागलपुर तथा नेपालका ऐतिहासिक बौद्धस्थल, बौद्धनाथ, स्वयम्भूनाथ, कपन गुम्बा, पोखरा र लुम्बिनी बौद्ध परिपथबाट जोडिने मोदीले बताए।

गठबन्धनको नेतृत्व गर्दै देउवा प्रधानमन्त्री भएपछि समकक्षी मोदीको यो पहिलो नेपाल भ्रमण हो।

## आजदेखि...

आव २०७९/०८० को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नेछन्। त्यसपछि पूर्व बजेट छलफल शुरु हुनेछ।

यो अधिवेशनको मुख्य काम बजेट पारित गर्नु हो। यसकारण वर्षे अधिवेशनलाई बजेट अधिवेशनका रुपमा समेत भनिन्छ। संघीय संसद सचिवालयले आज बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल गर्ने, भोलि पूर्व बजेट छलफल चलाउने, पर्सी ५ गते अर्थमन्त्रीले सांसदहरुले उठाएका प्रश्नको जवाफ दिने र ७ गते नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यतालिका छ। जेठ १५ गते संघीय संसदमा आगामी आर्थिक बर्षका लागि बजेट पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ। बजेट पारित गरेपछि संसदमा महत्वपूर्ण विधेयकहरुमाथि छलफल शुरु गर्ने सरकारको र सत्तारुढ गठबन्धनको तयारी छ।

नेपाली कांग्रेस सचेतक पुष्पा भुसाल भन्छिन्, 'बजेटका अलावा नागरिक ऐन विधेयक, संघीय निजामति कर्मचारी सम्बधी कानुन बनाउने विषयलाई यो अधिवेशनमा प्राथमिकतामा राख्ने प्रयत्न गरिनेछ।' संघीय संसदमा जनताको सरकारसँग जोडिएका धेरै विषयसँग सम्बन्धित कानुनहरु अलपत्र परेका छन्। जो संसदमा गएर पनि कानुनको रुप लिएर कार्यान्वयनमा जान सकेका छैनन्।

संघीय संसद सचिवालयका अनुसार संसदमा बिचाराधीन विधेयकको संख्या ५७ छ। तर, विधेयकमाथि संसदमा लामो समयदेखि छलफल नै हुन पाएको छैन्।

खासगरी नेकपा एमालेले आफ्नो पार्टी फट्नुमा सभामुख अग्नि प्रसाद सापकोटाको समेत भूमिमा रहेको आरोप लगाउँदै २३ भदौ २०७८ देखि निरन्तर संसदमा नाराबाजी गर्दै आएको छ। अझै संसदको अवरोध खोल्ने संकेत एमालेले दिएको छैन्।

## गौतमबुद्ध...

घर जान झन्झटिलो थियो। अब त्यसबाट मुक्ति पाइने भयो।' वैदेशिक रोजगार व्यवसायीहरूले कुवेत रोजगारीमा जाने कामदारलाई श्रम स्वीकृतिको सबै प्रक्रिया पूरा गरेपछि एकदिन पहिले काठमाडौंबाट भैरहवा पठाउने योजना बनाएका छन्। जजिरा एयरवेयजले साताको तीन दिन अर्थात् सोमबार, बुधबार र शुक्रबार नियमित उडान भर्ने गरी प्रक्रिया अगाडि बढेको छ। जजिरा एयरवेयजले जुलाईपछि दैनिक उडान भर्ने बताएको छ।

### मुग्लिङ-पोखरा सडक

# पश्चिम खण्डबाट विस्तारको काम सुरू



**तनहुँ/मस–** मुग्लिङ-पोखरा सडक विस्तारकार्यअन्तर्गत तनहुँको पश्चिम खण्डबाट काम सुरु भएको छ। राजमार्ग विस्तारकार्यका लागि जामुने-पोखरा खण्डअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित कोत्रेबाट विस्तारको काम सुरु भएको हो।

राजमार्गलाई चार लेनको बनाउन तनहुँमा दुई खण्ड विभाजन गरी कामलाई अगाडि बढाइएको छ। पश्चिम खण्डमा सडक चौँडा बनाउने कामको पश्चिम खण्डका आयोजना प्रमुख अमितकुमार श्रेष्ठले शुभारम्भ गरेका छन्। पश्चिम (जामुने-पोखरा) खण्ड निर्माणकार्यको जिम्मा यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सन कम्पनीले गर्ने भएको हो।

शुक्लागण्डकीस्थित दुलेगौँडा कोत्रे खण्डमा सडक भत्किएर खाल्डाखुल्डी भएपछि हलेदी, गाछेपानीलगायतका स्थानीयले सोही स्थानबाट कामको सुरुवात हुनुपर्ने माग राख्दै आन्दोलन गरेका थिए।

आयोजनाको पूर्वीखण्ड आँबुखैरेनी-जामुनेतर्फ पनि सडक चौँडा बनाउने काम भइरहेको छ। पूर्वीखण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ। सडक विस्तारकार्यका लागि हाल राजमार्ग आसपासका रुख काटिएको छ। हालसम्म पूर्वीखण्डमा तीन हजार १४ रुख कटान भइसकेका छन् भने पश्चिम खण्डमा दुई हजार २८० रुख कटान भइसकेको छ।

विसं २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो। ८० किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ।

पूर्वीखण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लगाइएको छ। सडक चार लेनको निर्माण हुँदा सडकसीमा दुईतर्फी २५/२५ मिटर हुनेछ। बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्ने भएको छ। आयोजनाको डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौँडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौँडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

सडक चार लेनको निर्माण हुँदा हाल भइरहेको पुलको स्थानमा नयाँ पुल बन्नेछ। आँबुखैरेनीदेखि पोखरासम्मको ८० किलोमिटर दूरीमा सडक चार लेन भएसँगै ३१ नयाँ मोटरेबल पुल निर्माण गरिने योजना छ। आँबुखैरेनीदेखि मुग्लिन खण्डको आठ किलोमिटर दूरीको भने डिजाईन हुँदैछ। यो खण्डमा हाल पृथ्वीराजमार्गको भएको स्थानमा मर्स्याङ्दी जलविद्युत गृह रहेको छ। जलविद्युत गृह र सडक फराकिलो बनाउन सकस हुने भएपछि सडकको रेखाङ्कन नै परिवर्तन गर्नुपरेको जनाइएको छ।

चालु आर्थिक वर्षमा संघीय सरकारले मुग्लिङ-पोखरा चार लेन सडक योजनाका लागि रु चार अर्ब ४३ करोड ४३ लाख बजेट विनियोजन गरेको छ। गत आर्थिक वर्षमा रु दुई अर्ब नौ करोड ५४ लाख चार हजार विनियोजन गरिएको थियो।

# २२ वर्षीय युवक बने गाउँपालिका अध्यक्ष



**सर्लाही/मस–** सर्लाहीमा २२ वर्षीय युवक गाउँपालिका प्रमुख बनेका छन्।

सर्लाहीको रामनगर गाउँपालिकाको प्रमुखमा २२ वर्षीय युवक राजाबाबु यादव निर्वाचित भएका हुन्। माओवादी केन्द्रको तर्फबाट उम्मेदवारी दिएका यादव ४ हजार ८१ मतसहित निर्वाचित भएका हुन्।

उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका हरिनन्दन प्रसाद यादवले २ हजार ३९२ मत ल्याएका छन्।

त्यस्तै, एमालेका पुरषोतमप्रसाद चौधरीले १ हजार ६ सय ३४ र सवतन्त्र उम्मेदवार केएस राहुल वर्माले १ हजार ६ सय ७ मत ल्याए।

रामनगरको उपाध्यक्षमा पनि माओवादी केन्द्रकै गीता देवी विजयी भएकी छन्। उनले ३ हजार ५२३ ल्याउँदा उनका प्रतिस्पर्धी नेपाली कांग्रेसकी कोशिला साहले २ हजार ६३७ मत ल्याएकी थिइन्।

# अपेक्षाकृत नतिजा ल्याउन नसकेपछि दुःख व्यक्त




**काठमाडौं/मस–** विवेकशील साझा पार्टीले स्थानीय निर्वाचन, २०७९ मा अपेक्षाकृत नतिजा ल्याउन नसकेकोमा दुःख व्यक्त गरेको छ। पार्टी प्रवक्ता शरदराज पाठकले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा स्थानीय तह निर्वाचनको नतिजा आउने क्रम जारी रहे पनि आफ्नो पार्टीले अपेक्षाकृत नतिजा ल्याउन नसकेकोमा दुःख व्यक्त गरिएको छ।

गत पाँच वर्षमा स्थानीय, संघीय, उप र पुनः स्थानीय चुनावमा प्रतिस्पर्धा गरिसकेको देशभरी पार्टीको परिचय स्थापना गर्न सफल भए पनि जनशक्ति र आर्थिक स्रोतको अभावमा देशव्यापी सङ्गठन बनाउन नसक्दा निर्वाचनमा सोचेअनुसार नतिजा आउन नसकेको विज्ञप्तिमा जनाइएको छ।

पार्टीमा टुटफुटलगायत वैचारिक ध्रुव्रीकरण भएको र आशा गरिएको पार्टीभित्र उतारचढावलाई मतदाताले मन नपराएको प्रस्ट देखिएको विवेकशीलले जनाएको छ।

# अरुण-४ आयोजना निर्माणका लागि समझदारीपत्रमा हस्ताक्षर



**लुम्बिनी/मस–** नेपाल भारत सहयोगात्मक सम्बन्धको प्रतीकका रुपमा ४९० मेगावाट क्षमताको अरुण चौथो जलविद्युत आयोजना निर्माण हुने भएको छ। नेपाल विद्युत् प्राधिकरण र भारतीय ऊर्जा उत्पादक संस्था(एसजेभिएन)ले उक्त आयोजनाको निर्माण गर्नेछन्।

प्रधानमन्त्री शेरबहादुर देउवा र उनका भारतीय समकक्षी नरेन्द्र मोदीको नेतृत्वमा सोमबार भएको द्वीपक्षीय वार्तापछि उक्त आयोजना निर्माण गर्ने सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो। दुबै देशका प्रधानमन्त्री र प्रतिनिधिमण्डलका सदस्यहरुको उपस्थितिमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र एसजेभिएन लि.का अध्यक्ष नन्दलाल शर्माले समझदारीपत्रमा हस्ताक्षर गरेका छन्। साथै उनीहरुले समझदारीपत्र आदानप्रदान पनि गरे।

आगामी ९० दिनभित्र उक्त कम्पनीले पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन समीक्षाका निम्ति नेपाल सरकारसमक्ष प्रस्तुत गर्नेछ भने एक वर्षभित्रमा प्राधिकरण र उक्त कम्पनीबीच परियोजना निर्माणको सम्झौता हुनेछ। त्यसको छ महिनापछि आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार हुनेछ।

त्यसैगरी प्रधानमन्त्रीद्वयको उपस्थितिमा अन्य पाँचवटा समझदारी पत्रमा पनि हस्ताक्षर भई दुईपक्षीय आदानप्रदान गरिएका छन्। भारतीय शैक्षिक एवं सांस्कृतिक प्रतिष्ठानले लुम्बिनी बौद्ध विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित एक-एकवटा तथा काठमाडौं विश्वविद्यालयसँग तीनवटा समझदारीपत्रमा हस्ताक्षर गरेको हो।

लुम्बिनी बौद्ध विश्वविद्यालय र भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आइसिसीआर), त्रिभुवन विश्वविद्यालय नेपाल तथा एशियाली अध्ययन केन्द्र (सिनास) र आइसिसीआर, काठमाडौं विश्वविद्यालय र आइसिसीआर, सोही विश्वविद्यालय र चेन्नइस्थि भारतीय प्रविधि प्रतिष्ठानसँग अन्य दुईवटा सहमतिपत्रमा हस्ताक्षर भयो।

ती सम्झौतापत्रहरुमा भारतीय पक्षबाट विदेश सचिव विनयमोहन क्वात्राले हस्ताक्षर गरेका थिए। नेपालको तर्फबाट लुम्बिनी बौद्ध विश्वविद्यालयका प्रा. डा. हृदयरत्न ब्रजाचार्य, काठमाडौं विश्वविद्यालयका उपकूलपति प्रा भोला थापा र त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित सम्झौतामा त्रिभुवन विश्वविद्यालय नेपाल तथा एशियाली अध्ययन केन्द्र (सिनास) का कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीले अलगअलग हस्ताक्षर गरेका थिए।

यसैबीच दुबै देशका प्रधानमन्त्रीबीच सोमबार भएको द्विपक्षीय वार्ता जलविद्युत् आयोजना निर्माण, नेपालको भौतिक पूर्वाधार विकास र सम्पर्क सञ्जाल विस्तारका विषयमा केन्द्रित भएको छ। दुई देशका प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलबीच हुने वार्तामा आपसी हित र चासोका समग्र पक्षमा विचारविमर्श हुनाका साथै व्यापार, पर्यटन, लगानी, जनस्तरको सम्पर्क एवं सम्बन्ध अभिवृद्धिबारे पनि छलफल भएको थियो।

द्विपक्षीय वार्तामा शिक्षा तथा स्वास्थ्य क्षेत्रको पूर्वाधार निर्माणका निम्ति विकास सहायता, व्यापार सहजीकरण, पारस्परिक हित, सहकार्य र साझेदारी प्रवर्द्धनलाई प्रमुख रुपमा उठाएको थियो। गत चैतमा भएको प्रधानमन्त्री देउवाको भारत भ्रमण र त्यस क्रममा भएका सहमति, तिनको समीक्षा एवं शीघ्र कार्यान्वयका निम्ति अवलम्बन गर्नुपर्ने उपायबारे विचार आदानप्रदान भएको थियो।

प्रधानमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलमा गृह, परराष्ट्र, भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री, नेपाल सरकारका मुख्यसचिव, परराष्ट्र सचिव, राजदूत शर्मालगायत रहनुहुनेछ भने प्रधानमन्त्री मोदी नेतृत्वको प्रमण्डलमा विदेश सचिव, विदेश मन्त्रालयका सहसचिवहरू र काठमाडौंस्थित भारतीय दूतावासका कार्यबाहक राजदूत नाम्ग्या खम्पा रहेका थिए।

## बागी उम्मेदवार

# पार्टीले पत्याएन, मतदाताले पत्याए

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २ वैशाख



वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनको नतिजा आउने क्रम जारी छ । निर्वाचन आयोगका अनुसार सोमबार साँझसम्म १ सय ६७ पालिकाको अन्तिम नतिजा आइसकेको छ। प्राप्त मत परिणाम अनुसार नेपाली कांग्रेस सबैभन्दा अगाडि रहेको छ । कांग्रेसले १२ वटा नगरपालिका र ६४ वटा गाउँपालिका गरी ७६ वटा पालिकाको नेतृत्व प्राप्त गरेको छ । यस्तै ९५ वटा नगरपालिका र एक सय ६ वटा गाउँपालिकाको प्रमुख पदमा कांग्रेसका उम्मेदवार अगाडि रहेका निर्वाचन आयोगले जनाएको छ। कांग्रेसले आठ वटा नगरपालिकाको उपमेयर र ६६ वटा गाउँपालिकाको उपाध्यक्ष जितिसकेको छ । ७० वटा नगरपालिकाको उपमेयर र ९६ वटा गाउँपालिकाको उपाध्यक्षमा कांग्रेसका उम्मेदवार अगाडि रहेका छन् । कांग्रेसले अहिलेसम्म एक हजार दुई सय ३० वडाध्यक्ष, एक हजार दुई सय १६ महिला सदस्य, एक हजार एक सय ७७ दलित महिला सदस्य र दुई हजार चार सय १६ सदस्य पदमा जित निकालेको छ।

नेकपा एमालेले तीन वटा नगरपालिकाको मेयर र ४५ वटा गाउँपालिकाको अध्यक्ष गरी ४८ वटा पालिका प्रमुखमा जित निकालेको छ भने ५७ नगरपालिका र ५९ गाउँपालिकाको प्रमुख पदमा अगाडि रहेको छ । एमालेले ६ वटा नगरपालिकाको उपमेयर र ४१ वटा गाउँपालिकाको उपाध्यक्ष जितेको छ। ७५ वटा नगरपालिकाको उपमेयर र ६८ वटा गाउँपालिकाको उपाध्यक्षमा एमाले अगाडि छ ।

यस्तै एमालेले नौ सय ४१ वटा वडाको अध्यक्ष जितेको छ। एमालेले एक हजार २० महिला सदस्य, नौ सय ९४ दलित महिला सदस्य र दुई हजार ४५ सदस्य जितेको निर्वाचन आयोगले जनाएको छ ।

माओवादी केन्द्रले दुई वटा नगरपालिकाको मेयर र ३४ वटा गाउँपालिकाको अध्यक्ष जितेको छ । माओवादी केन्द्र १९ नगरपालिका र ४८ गाउँपालिकाको प्रमुखमा अघि छ। माओवादी केन्द्र तीन नगरपालिकाको उपमेयर र ३० वटा गाउँपालिकाको उपाध्यक्ष जितेको छ। माओवादी केन्द्रले पाँच सय ३१ वडाध्यक्ष, पाँच सय एक महिला सदस्य, पाँच सय २५ दलित महिला सदस्य र नौ सय ४३ सदस्य जितेको छ । यस्तै एउटा नगरपालिका नेपाल मजदुर किसान पार्टीले एउटा र स्वतन्त्र उम्मेदवारले एउटा नगरपालिकाको मेयर जितेका छन् । नेकपा एकीकृत समाजवादीले दुई वटा गाउँपालिकाको अध्यक्ष र एउटा गाउँपालिकाको अध्यक्ष स्वतन्त्र उम्मेदवारले जितेका छन् ।

**पार्टीले पत्याएन, मतदाताले पत्याए**

कांग्रेसले टिकट नदिएपछि विद्रोह गरेका ९ जनाले समेत निर्वाचन जितेका छन् ।

ललितपुर महानगरपालिका- १, बुटवल उपमहानगरपालिका- १, बूढानीलकण्ठ नगरपालिका- ३, बर्दिबास नगरपालिका- ७, नमोबुद्ध नगरपालिका- १, फालेलुङ गाउँपालिका-१ र धादिङमा ३ बागीले निर्वाचन जितेका हुन् ।

ललितपुर महानगरपालिका-१ मा कांग्रेस विद्रोह गरी स्वतन्त्र उम्मेदवार बनेका निर्मल तण्डुकार ६६१ मत प्राप्त गरेर विजयी भए । ललितपुर १ मा कांग्रेसका आधिकारिक उम्मेदवार ध्रुव लाल तण्डुकारले ४२५ मत ल्याएका थिए।

यस्तै बुटवल उपमहानगरपालिकाको वडा नम्बर १ को अध्यक्षमा कांग्रेसका बागी उम्मेदवार नरेन्द्र बस्नेतले निर्वाचन जितेका छन् । कांग्रेसले टिकट नदिएपछि स्वतन्त्र लडेका बस्नेतले ६ सय ३६ मत ल्याएर निर्वाचन जिते । एमालेका महेन्द्र लिगल ५ सय ५१ मत ल्याएर दोस्रो हुँदा कांग्रेसले तेस्रो मत पाएको थियो ।

काठमाडौं बूढानीलकण्ठ नगरपालिका-३ को वडाध्यक्षमा पनि कांग्रेसका बागी आकाश धिताल निर्वाचित भएका छन् । वडासदस्य रहेका धितालले वडाध्यक्षमा दाबी गरेका थिए । कांग्रेसले टिकट नपाएपछि उनी स्वतन्त्र उठेका थिए ।

धितालले ५ सय १२ मत ल्याएर वडाध्यक्षमा जित हासिल गरे । धितालले एमालेका राजेन्द्र खड्कालाई ३८ मतान्तरले पराजित गरे । खड्काले ४ सय ७४ मत प्राप्त गरेका छन् । त्यसैगरी काँग्रेसका नवराज भण्डारीले ३ सय १२ मत प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ ।

बर्दिबास नगरपालिका- ७ को अध्यक्षमा पनि कांग्रेसका बागी उम्मेदवार वडाध्यक्ष बनेका छन् । कांग्रेसले गठबन्धनका नामा ७ माओवादी केन्द्रलाई दिएपछि काँग्रेस नेता सोगारनाथ यादवले स्वतन्त्र उम्मेदवारी दिएका थिए । गठबन्धनबाट माओवादीका उम्मेदवार सुरेन्द्र सिंहलाई १ मतले हराउँदै कांग्रेसका बागी उम्मेदवार यादवले निर्वाचन जिते ।

यस्तै काभ्रेको नमोबुद्ध नगरपालिकाको वडानम्बर १ मा पनि स्वतन्त्र उम्मेदवार प्रेम लामाले निर्वाचन जितेका छन् । कांग्रेसले वडाध्यक्षमा टिकट नदिएपछि बागी उठेका लामाले ५ सय ५६ ल्याएर वडाध्यक्षमा निर्वाचित भए ।

कांग्रेसका आधिकारिक उम्मेदवार गणवज्र लामाको भन्दा दोब्बर बढी मतले निर्वाचित भएका छन् । कांग्रेस गणवज्रले २ सय ८ मत मात्र पाएका थिए ।

यस्तै पाँचथरको फालेलुङ गाउँपालिका-१ को वडाध्यक्षमा पनि कांग्रेसकै बागी निर्वाचित भएका छन् । कांग्रेसले टिकट नदिएपछि टेकबहादुर गुरागाईं (अनिष)ले बागी उम्मेदवारी दिएका थिए ।

गठबन्धनका नाममा काँग्रेसले एकीकृत समाजवादीलाई वडा नम्बर १ को अध्यक्ष छोडेपछि गुरागाईं स्वतन्त्र उम्मेदवार बनेर मैदानमा उत्रिएका थिए । त्यसमा उनलाई सफलता मिलेको छ। उनी ३ सय ९५ मत ल्याएर वडाध्यक्षमा विजय बनेका छन् । गुरागाईंले गठबन्धनबाट समाजवादीका उम्मेदवार श्रीप्रसाद जबेगूलाई पराजित गरेका हुन् । एकीकृत समाजवादीका जबेगूले ३ सय १९ मत पाए ।

**धादिङमा पनि जिते बागी उम्मेदवारले**

धादिङको तीन वटा वडामा स्वतन्त्र उम्मेदवारहरू विजयी भएका छन् । जिल्ला सदरमुकाम रहेको नीलकण्ठ नगरपालिका ३, ज्वालामुखी गाउँपालिका ४ र धुनीवेसी नगरपालिका ५ मा स्वतन्त्र उम्मेदवारले निर्वाचन जितेका हुन् ।

प्रमुख प्रत्याशी नेपाली कांग्रेसका गोपीकृष्ण भण्डारीसहित नेकपा एमाले र नेकपा माओवादीका उम्मेदवारलाई दोब्बर मतले पराजित गर्दै स्वतन्त्र उम्मेदवार राजकुमार श्रेष्ठ वडाध्यक्षमा विजयी भए । कांग्रेसबाट टिकट नपाएपछि स्वतन्त्र बनेर श्रेष्ठले गुलाबको फूल चिह्नबाट चुनाव लडेका थिए ।

त्यस्तै ज्वालामुखी गाउँपालिका ४ को वडाध्यक्षमा स्वतन्त्र उम्मेदवार कृष्णबहादुर गुरुङ विजयी भएका छन् ।

नेपाली कांग्रेसबाट बागी उठेका गुरुङले कांग्रेसकै आधिकारिक उम्मेदवार कृष्णलाल श्रेष्ठलाई दोब्बरभन्दा बढी मतले पराजित गरेका छन् । कांग्रेसले टिकट नदिएपछि खरायो चिह्न लिएर चुनाव लडेका गुरुङले ११ सय ३० मत प्राप्त गरेका छन् । यो कांग्रेसका आधिकारिक उम्मेदवार श्रेष्ठको भन्दा ५ सय ९१ मत बढी हो ।

त्यस्तै धुनिबेसी नगरपालिका ५ को वडाध्यक्षमा स्वतन्त्रका विशाल भट्टराई निर्वाचित भएका छन् । नेपाली कांग्रेसले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवार बनेका भट्टराईले ८ सय ८६ मत पाए भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका कृष्णकुमार रेग्मीले ६ सय ७८ मत प्राप्त गरे । पराजित रेग्मी वडाध्यक्षबाट राजीनामा दिएर दोस्रो कार्यकालका लागि उम्मेदवार बनेका थिए ।

# कृषि राज्यमन्त्री यादवको वडामा जसपाको लज्जास्पद हार



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ जेठ

मधेस प्रदेशका कृषि राज्यमंत्री योगेन्द्र यादवको वडामा उनकै पार्टी जनता समाजवादीका उमेदवारले ३० मत मात्र प्राप्त गरेका छन् । वडा नम्बर १ मा नेकपा एकीकृत समाजवादीका नरेश प्रसाद यादव ६ सय १० मत प्राप्त गर्दै विजयी बनेका छन् ।

राज्यमंत्री यादवको गृह नगर रौतहटको राजदेवी नगरपालिका १ मा उनको पार्टी जसपाका वडा अध्यक्षका उम्मेदवार हृदय नारायण यादव ३० मतमै सिमित भए ।

अध्यक्षमा विजयी यादवका निकटतम प्रतिद्वन्द्वी लोसपाका शिव नारायण साहले ५ सय ८८ मत प्राप्त गरेका थिए । २०६४ सालदेखि मधेसवादी दलको राजनीतिमा लागेका हृदय नारायण यादव हाल जसपाका जिल्ला कमिटी सदस्य हुन् ।

# बाँकेको वैजनाथमा स्थगित मतगणना पुनः शुरु


**गणेश रावत/मध्यान्ह**
कोहलपुर, २ जेठ



बाँकेको वैजनाथ गाउँपालिकामा स्थगित भएको मतगणना पुनः शुरु भएको छ । मतगणनामा संलग्न कर्मचारीको निष्पक्षता माथि प्रश्न उठाएपछि मतगणना कार्य स्थगित भएको थियो । नेपाली कांग्रेस वैजनाथ गाउँपालिका सभापति देवबहादुर केसीले मतगणनामा खटिएका कर्मचारीले शंकास्पद गतिविधि देखाएको भन्दै कर्मचारी परिवर्तन गर्नुपर्ने माग राखेका थिए ।

सोमबार बसेको सर्वदलीय बैठक पछि नयाँ गणक ल्याउने निर्णय भएसँगै मतगणना कार्य पुनः शुरु भएको निर्वाचन अधिकृत टेकबहादुर थापाले मध्यान्हलाई जानकारी दिए । उनका अनुसार सर्वदलीय बैठकले सीसी क्यामराको पुटेज राजनीतिक दलहरूलाई देखाउने, मतगणना स्थलमा पार्टीका प्रतिनिधिहरु प्रवेश कार्ड उपलब्ध गराउने, एक मतपेटिकाको गणना सकेर मात्र अर्को मतपेटिकाको गणना शुरु गर्ने, मतगणना ढिलो भएकोले थप दुई ठाउँमा मतगणना स्थल थप्ने लगायतका निर्णय भएको छ ।

# मतपत्र च्यातियो



**काठमाडौं/मस-** ओखलढुंगाको चिसंखुगढी गाउँपालिकामा कांग्रेसका प्रतिनिधिले मतपत्र च्यातेका छन् । वडा नं ३ को मतगणना भइरहँदा विवाद भएपछि कांग्रेसका प्रतिनिधिले मतपत्र च्यातेका हुन् । मतपत्र च्यात्ने व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यसैबीच धनुषामा मतगणनाका क्रममा विवाद हुँदा झडप भएको छ । धनौजी गाउँपालिकामा खसेको भन्दा बढी मतपत्र भेटिएको विषयमा विवाद भएको हो ।

विवादले उग्ररुप लिएपछि प्रहरीले २५ राउण्ड हवाइ फायर गरेको थियो । झडपलाई नियन्त्रणमा लिनका लागि प्रहरीले २५ राउण्ड हवाइ फायर गरेको धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताए ।

# वरिष्ठ अधिवक्ता भुसालद्वारा सगरमाथा आरोहण



**काठमाडौं/मस-** वरिष्ठ अधिवक्ता ६२ वर्षीय विष्णु भुसालले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका छन् ।

उनी सोमबार बिहान ७.३० बजे सगरमाथाको चुचुरोमा पुगेका हुन् । भुसालको आरोहणको व्यवस्थापन गरेको हिमालयन सेपर्डका अनुसार सगरमाथाको सफल आरोहण गर्ने उनी पहिलो अधिवक्ता हुन् । विश्व समुदायसँग कार्बन उत्सर्जन कम गर्न अनुरोध गर्दै उनले सगरमाथाको सफल आरोहण गरेका हुन् ।

नेपाल बार एसोसिएसनको लोगो अंकित झण्डासहित भुसाल वैशाख २ गते सगरमाथा आरोहणमा गएका हुन् । अमेरिकाबाट वातावरणीय तथा प्राकृतिक स्रोतसम्बन्धी कानूनमा स्नातकोत्तर उनले विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थामा कानुनविद्को रुपमा कार्य गर्दै आएका हुन् ।

अर्घाखाँची स्थायी घर भएका भुसाल हाल श्रीमती राधा, छोरी डा.प्रीति र छोरा रोशनसहित राजधानीको बाँसबारीमा बस्दै आएका छन् । भुसालका छोरी डा. प्रीतिले पनि चार दिनअघि मात्र सगरमाथाको सफल आरोहण गरेकी थिइन् । छोरा रोशन अहिले पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट सिभिल इन्जिनियरिङमा विद्यावारिधि गर्दै छन् ।


**साउदीमा रोजगार** | कम्पनी: RAWABI HUMAN RESOURCES
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७९/०१/०५ चलानी नं.: ६०१७८०४४ LT. No.: 261610 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 47 | 0 | स. काममा दक्ष | 1000 | ३२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १० गते (24 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ७९०/०६५/०६६

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ४३८३९२३, ४३८६९९७, ५९०६९२३
Email : protechnepalemps@gmail.com



**त्रिभुवन विश्वविद्यालय**
**क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय**
**सुदूर पश्चिमाञ्चल क्षेत्र**
**अत्तरिया, कैलाली**

**शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०२/०३**

यस त्रि.वि सुदूर पश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, अत्तरिया, कैलालीको कार्यालय भवनको प्रि-फ्याव (PREFAB) सामग्री प्रयोग गरी पहिलो तला थप गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त मु.अ.क.मा दर्ता भएको, आयकर तिरेको, फर्म नवीकरण तथा अद्यावधिक गरेका फर्महरुबाट शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

| बोलपत्र नं. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने र खोलिने मिति र समय | बोलपत्र फाराम दस्तुर रु. | नाम र बैंक खाता नं. | ल.ई. (मु.अ.कर बाहेक) रु. | बोलपत्र जमानत रु. |
|---|---|---|---|---|---|---|
| ०१/२०७८/०७९ | २०७९/०३/०१ गते कार्यालय समय भित्र | २०७९/०३/०२ गते दिउसो १२:०० बजे र खोलिने समय सोही दिन २:०० बजे | ३,०००।- | TU.CHHE.PA.NI. KA.KA.ATTARIYA ग्लोवल आई.एम.ई. बैंक लि., धनगढी शाखा २४०१०१०००००४२९ | ३३,०३,१५४।२४ | ९०,०००।- |

विस्तृत जानकारीका लागि त्रि.वि.सु.प.क्षे.प.नि.का., अत्तरीया, कैलालीको फोन नं. ०९१-५५१३२५ मा सम्पर्क राख्नुहोला ।

**त्रि.वि.सु.प.क्षे.प.नि.का., अत्तरिया, कैलाली**



**अनुसूची-१५**
**(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)**
**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०७९/२/३ गते**

श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह, गुर्भाकोट-१२ सुर्खेतको सामुदायिक वनबाट आ.व. २०७८/०७९ मा उत्पादन भई समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ५० को ३४४.२१ क्यू.फि. काठ र १ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह**
**गुर्भाकोट न.पा.-१२, सुर्खेत ।**



**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY





After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
**VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.**
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
३ जेठ २०७९, मंगलबार
17 May 2022, Tuesday

## सम्पादकीय

# अनुचित आशंका

स्थानीय चुनावको प्रारम्भिक नतिजा प्रतिकुल आएपछि नेकपा एमालेले आशंकायुक्त बक्तव्य सार्वजनिक गरेको छ । एमाले महासचिव शंकर पोखरेलले बक्तव्य जारी गर्दै चुनावमा धादली भएको निष्कर्ष सार्वजनिक गरे । उनको १५ बुँदे बक्तव्यमा चुनाव अगाडि, चुनावका क्रममा र त्यसपछि पनि धादली भएको निष्कर्ष समेटेका छन् । विशेषगरी सत्ताको दुरूपयोग गरिएको एमालेको तर्क छ । गृह प्रशासनलाई आफ्नो पक्षमा पारेर सत्ता गठबन्धनले आफ्नो अनुकुल हुनेगरी प्रहरी प्रशासन र सरकारी कर्मचारीलाई प्रभावित बनाएको पोखरेलको बक्तव्यमा छ । कतिपय ठाउँमा भएको मतभेद र झडपलाई एमालेले सामान्यीकरण गर्न खोजेको देखिन्छ । बक्तव्यप्रति निर्वाचन आयोगले गम्भीर नभए अदालत जाने एमाले नेताहरूले बताउन थालेका छन् ।

एमालेको मागबारे न्यायोचित सुनुवाइ पक्कै आयोगले गर्नेछ । निर्वाचन स्वच्छ बातावरणमा भएको वा एमालेले भनेजस्तो धादली भएको भन्ने निर्क्यौल अनेक ठाउँबाट हुन सक्छ । त्यस मध्ये पर्यवेक्षणमा खटिएका निकाय र व्यक्तिहरूको प्रतिवेदन एउटा महत्वपूर्ण प्रमाण हुन सक्छ । कुनै विन्दुमा गएर एमाले आरोपको निरूपण हुने नै छ । तर बक्तव्यको सार भनेको एमालेको हार स्वीकार पनि हो । किनकि जितको अवस्था थियो भन्ने पक्कै पनि एमालेले धादलीको निष्कर्ष निकाल्ने थिएनन् । यसअघि पनि जितिरहेको दल भन्दा पनि हारिरहेको शक्तिले धादलीको आरोप लगाउने गरेको देखिन्छ । ०७० को चुनावमा माओवादीले चुनाव बहिष्कारकै निर्णय गरेको थियो । तर पछि सेफ ल्याण्डिङ गर्दै दोस्रो संविधानसभामा सहभागी भयो र संविधान जारी भयो ।

अहिले एमाले नेताहरूले अदालत जाने चेतावनी दिन थालेका छन् । अदालत जान पाउनु संवैधानिक अधिकार हो, एमालेले त्यो अधिकार प्रयोग गर्न सक्छ । तर कुनै दल विशेष नै अदालतमा जाने नजीरले भने सही ठाउँ लैजादैन । किनकि पराजित शक्ति अदालत जाने प्रवृत्तिको विकास भएमा चुनाव नै हुन नसक्ने अवस्था बन्न सक्छ । यसअघि व्यक्ति विशेष अदालतमा जाने गरेको देखिन्छ । ढिलोचाँडो न्याय पनि पाउने गरेका छन् । तर दल विशेष नै अदालतले जाने चेतावनी दिनुले निर्वाचनको स्वच्छता भन्दा पनि पराजय स्वीकार्न नसकेको बुझाइ आम पंक्तिमा जान सक्छ । यसले लोकतन्त्रलाई बलियो बनाँदैन, एमालेले आवधि निर्वाचन हार्दैमा केही गुम्दैन भन्ने बुझ्न जरूरी छ । जनताको सेवा गर्नका लागि प्रतिपक्षी भूमिकालाई पनि संविधान सम्मान गरेको छ र अर्कोपटक फेरि जित्नेगरी काम गर्ने अवसर पनि हो ।

# भौतिकवादी दर्शन र बुद्ध

*बुद्ध आदर्शवादी होइनन् तर, सम्पूर्णरूपले उनी भौतिकवादी पनि होइनन् । धेरैजसो ठाउँमा उनी तथस्टतावादी देखिन्छन् । बुद्धको दर्शनलाई पनि मध्यमार्गीरूपमा स्वीकार्ने गरिएको छ ।*

अग्रलेख



● सरस्वती महरा

मार्क्स-एंगेल्सले द्वन्द्ववाद र भौतिकवादी दर्शनको विकासमा युनानी दर्शन र दार्शनिकहरूको महत्वपूर्ण योगदान रहेको उल्लेख गरेका छन् ।

भनिन्छ, दर्शन भन्ने शब्दको पहिलो प्रयोग पाइथागोरसले गरेका थिए । त्यसलाई विज्ञानको रूप दिनेमा भने अफलातूनको उल्लेखनीय भूमिका रहेको मानिएको छ । 'दर्शनकोश' (प्रगति प्रकाशन मस्को, १९८८) अनुसार,' दर्शनको उत्पत्ति दास-स्वामी समाजमा यस्तो विज्ञानको रूपमा भएको थियो जसले वस्तुगत जगत तथा स्वयम् आफ्नै विषयमा मान्छेको ज्ञानको सकल योगलाई एकताबद्ध गरेको थियो । यसबाट मान्छेलाई प्रारम्भिक ज्ञानको रूपमा व्यावहारिक जीवन र जगतबाट प्राप्त सम्पूर्ण ज्ञान अनि अनुभवहरूको संकलन नै दर्शन भएको बुझ्न सकिन्छ । तथापि परवर्तीकालमा भने ज्ञानका विभिन्न शाखाहरू दर्शनबाट छुट्टिँदै गए । दर्शनको मुल प्रश्न भनेको अब अस्तित्वसित चिन्तनको र पदार्थसित चेतनाको सम्बन्धको रूपमा त्यसलाई कसरी बुझ्ने र समस्याको हल कसरी गर्ने भन्ने प्रश्न आधारभूत र मुख्य रह्यो । त्यसो हुँदा प्रत्येक दर्शन र दार्शनिक प्रणालीले अस्तित्व र चिन्तनमा मुल कुन ? अथवा पदार्थ र चेतनामा मुल के ? र यी दुवैको सम्बन्धलाई कसरी बुझ्ने र अन्ततः समस्याको हल गर्ने कुरा नै दर्शनको आधारभूत र महत्वपूर्ण मुल प्रश्न भयो ।



अस्तित्व र पदार्थलाई चिन्तन र चेतनाको मुल मान्नेहरू भौतिकवादी भए । चिन्तन र चेतनालाई मुल मान्दै, त्यसलाई अस्तित्व र पदार्थको पनि मुल ठान्नेहरू भने आदर्शवादी भए । आदर्शवाद र भौतिकवादका यी सामान्य मान्यताहरू भए । द्वन्द्ववादी बुझाई भने अस्तित्व र चिन्तन अथवा पदार्थ र चेतनामा एकअर्काका सम्बन्धलाई निषेधात्मकरूपले नबुझेर, सापेक्ष र अन्तसम्बन्धितरूपमा बुझ्ने बुझाई द्वन्द्ववादी भए । तथापि द्वन्द्ववाद पनि आदर्शवादी र भौतिकवादी हुने बुझिन्छ । द्वन्द्ववादी पद्धतिलाई स्वीकारे तापनि चेतनालाई मुल मान्ने र अस्तित्व र पदार्थको मुल पनि चेतनालाई नै मान्ने हिगेललाई मार्क्स-एंगेल्सले द्वन्द्ववादी पद्धतिका प्रणेता भनेर अत्यधिक प्रशंसा र सम्मान गरे तापनि हिगेललाई आदर्शवादी मानेका छन् । यस्तै फायरबाखको भौतिकवादलाई ऐतिहासिक महत्वको उपलब्धिका रूपमा स्वीकारेर पनि अस्तित्व र चिन्तनको सम्बन्धलाई निरपेक्ष रूपमा बुझ्ने फायरबाखको दृष्टिकोणको अपूर्णताको आलोचना मार्क्स र एंगेल्सले गरेका छन् । कान्टको सवालमा पनि उनको निहारिकाको अवधारणालाई मार्क्स एंगेल्सले भौतिकवादी अवधारणाको रूपमा निकै प्रशंसा गरेको पाइन्छ । नयाँ विचार अवधारणहरू विज्ञानमा भन्दा पहिला दर्शनमा जन्मिने कुराको जिकिर गर्दै दर्शनको महत्वलाई रेखांकित गर्दै कान्टको ऐतिहासिक योगदानको चर्चा उनीहरुले गरेका छन् । तथापि त्यसपछिको कान्ट भने आदर्शवाद र भौतिकवादको बीचमा अज्ञेयवादी र रहस्यवादी भएको कुरा पनि एंगेल्सले गरेका छन् । यसरी हेर्दा, दर्शन भन्नु वा दृष्टिकोणको सवाल भन्नु निकै पेचिलो र जटिल कुरा हुने बुझ्न सकिन्छ ।

> *बुद्ध दर्शनको हरेक चीज अनित्य र परिवर्तनशील छ भन्ने 'अनित्यवाद' द्वन्द्ववादमा आधारित रहेको मानिन्छ । दु:ख र समस्याको समाधान यसै लोक र यही संसारमा सम्भव हुने बुद्धको कुरा भौतिकवादी रहेको छ ।*

इतिहासमा यस्ता कयौं प्रसंगहरू देखिछन् । सुकरातको सत्य र ज्ञानसित साक्षात्कार गर्ने, त्यसको उद्घाटन गर्ने र युवाहरुलाई शिक्षा दिने वाद विवाद र संवादको प्रणाली द्वन्द्ववादी देखिन्छ । मानवलाई केन्द्रमा राख्ने सुकरातको मानवतावादी दर्शनको सामाजिक ऐतिहासिक महत्व पनि बुझ्न सकिन्छ । तथापि सुकरात मुल रूपमा तर, आदर्शवादी भएको कुरा, सत्य र ज्ञानलाई सर्वोपरि ठान्ने, जीवनको सम्पूर्णता, एकमात्र सार्थकता र सौन्दर्य त्यसैमा मात्र उनले देख्ने कुराबाट प्रष्ट हुन्छ । ज्ञान अनि सत्यलाई महत्व दुने कुरा राम्रो भएतापनि त्यसको सार अनि मुल वस्तुमा, भौतिकतामा रहेको कुरा बुझ्न नसक्नु, व्यक्ति जीवनको अस्तित्वलाई सामाजिक जीवनको सापेक्षतामा बुझ्न नसक्नु, अर्थ सामाजिक उत्पादन सम्बन्धलाई भन्दा त्यसदेखि निरपेक्ष सत्य अनि ज्ञानलाई मात्र सर्वोपरि महत्व दिने कुरा जति नै ज्ञानगुनका कुरा भएपनि त्यसले सामाजिक जीवनमा क्रान्तिकारी गुणात्मक परिवर्तन ल्याउन नसक्नु सुकरातको ज्ञान दर्शनको सीमा अनि कमजोरी देखिन्छ ।

पूर्वेली भौतिकवादी दर्शनमा चर्वाक पछि बुद्धको सबैभन्दा बढी चर्चा हुने गरेको छ । तथापि वैशेषिक, न्याय, साङ्ख्य र जैन दर्शनहरूलाई पनि भौतिकवादी दर्शनको रूपमा राख्न सकिने कुरा रामराज रेग्मीले आफ्नो पुस्तक 'पुर्वीय दर्शनमा भौतिकवाद' र मोहन वैद्य किरणले पनि यस्तै तर्कहरू 'नेपाली समाज र संस्कृति'लगायत मार्क्सवाद र दर्शन सम्बन्धि उनका अन्य पुस्तकहरूमा गर्दै आउनुभएको देखिन्छ । चर्वाक पछि पछिल्ला दर्शनहरुमा बुद्धको दर्शनमा नै शायद भौतिकवादी दर्शनको व्यापकता सबैभन्दा बढी रहेको होला । बुद्ध दर्शनको हरेक चीज अनित्य र परिवर्तनशील छ भन्ने 'अनित्यवाद' द्वन्द्ववादमा आधारित रहेको मानिन्छ । दु:ख र समस्याको समाधान यसै लोक र यही संसारमा सम्भव हुने बुद्धको कुरा भौतिकवादी रहेको छ । बुद्धको दर्शन तत्कालीन भौतिक सामाजिक परिस्थिति, अर्थसामाजिक परिवेश र सम्बन्धहरूमा त्यसले रूढ शासक वर्गीय आदर्शवादी विचार र चिन्तनको विरूद्ध, त्यसको खण्डन र आलोचना गर्ने प्रगतिशील विद्रोही सामाजिक सांस्कृतिक-वैचारिक चिन्तनको प्रतिबिम्बनका रूपमा त्यसलाई देखिन्छ ।

बुद्ध दर्शन वा जुनसुकै विचार त्यो भौतिक सामाजिक परिस्थिति, अर्थसामाजिक सम्बन्धको सांस्कृतिक-वैचारिक प्रतिबिम्बन र अभिव्यक्ति हुँदैछ । समयक्रममा अर्थसामाजिक उत्पादन सम्बन्धहरू बदलिन्छन् र त्यसको सापेक्षतामा विस्तारै भएपनि सांस्कृतिक सम्बन्ध र विचारहरु, जीवनदर्शन र ज्ञानहरू पनि बद्लिन्छन् । बद्लिने क्रममा हिजको सामाजिक दर्शन त्यो बद्लिएको समाज सापेक्ष भए पहिलेभन्दा त्यो समृद्ध र व्यापक हुने या समय/परिस्थिति निरपेक्ष असान्दर्भिक भएर ह्रास पनि हुनसक्ने स्वाभाविक हुनसक्दछ ।

बुद्ध दर्शनलगायत जुनसुकै दर्शनको सन्दर्भमा पनि यहि कुरा स्वाभाविक हुँदैछ । बुद्ध आदर्शवादी होइनन् तर, सम्पूर्णरूपले उनी भौतिकवादी पनि होइनन् । धेरैजसो ठाउँमा उनी तथस्टतावादी देखिन्छन् । बुद्धको दर्शनलाई पनि मध्यमार्गीरूपमा स्वीकार्ने गरिएको छ । त्यसो हो भने दर्शनगत रूपमै बुद्धका दर्शनमा सीमाहरू रहेको पनि बुझिन्छ । तथापि त्यो तत्कालीन सामाजिक व्यवहार र परिपाटी विशेषको सन्दर्भमा बुद्धले जसरी सोचे र सोच्ने कुरा सम्भव हुनसक्थ्यो, त्यसलाई त्यही सामाजिक परिस्थिति र परिवेश विशेषकै सीमा र कमजोरीका रूपमा बुझ्नु जायज हुन्छ । तैपनि यतिबेला आजकै सन्दर्भमा पनि छद्म अछद्म तीव्र वैचारिक संघर्षको प्रतिरोधी दुर्दान्त र चुडान्त बेलामा बुद्ध दर्शनको गतिशील अनित्यवाद र त्यसमा निहित भौतिकवादी दर्शनको महत्व भने रहेकै छ ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाइँ**

बिना पैसा खर्च गरेर, बिना संगठन, बिना सेनामेना, बिना लावालस्कर, बिना ठूलो पार्टीको चुनाव चिन्ह, बिना मिडियाको हेडलाइन, र महत्वपूर्ण बिना बिरासत पनि काठमाडौं जस्तो महानगरमा चुनाव जित्न सकिदो रहेछ ! अद्भुत !



**- नारायण वाग्ले**

लहरामा समाउन छोडेर पहरामा प्लास्टिक टाँग्ने विकास आयो । छप्पनी ढुंगाको उकालोमा छ्यापछ्याप सिमेन्ट छर्किने बिकार आयो । अब जित्नेले प्रकृति–मैत्री विकास सोचून् । आफ्नो ठाउँलाई स्वाभिमानी, मौलिक र परिश्रमी बनाउन उत्प्रेरक होउन् ।



**- डम्मर खतिवडा**

कतिपय विश्लेषक कुनै खास समूहको दुर्दशा हेरेर भन्दैछन्– वैकल्पिक राजनीति सकियो । हाँसो लाग्ने । नवसम्वर्द्धनवाद (नियो कन्जर्भेटिज्म) कुनै वैकल्पिक राजनीति हो र ? खासमा नेपालमा वैकल्पिक राजनीति शुरू नै भएको छैन, बहसकै चरणमा छ । शुरू नै नभई असफल कसरी हुन्छ ?



**- खगेन्द्र संग्रौला**

यो कांग्रेस भन्ने पार्टी बडो अजीबको छ बा ! आफैं हार्छ, आफैं जित्छ । कांग्रेसी प्रधानमन्त्री शेरबहादुर देउवाको वडामा देउवा कांग्रेस हारेछ, विपी कांग्रेसले जितेछ । आखिर घिउ कहाँ पोखियो, दालैमा । हैट्, औतारी कांग्रेस !



**- विनोद न्यौपाने**

मिलिजुली भोजनमले एमालेलाई हरायो त ? स्थानीय तह कसरी लैजाने कुनै कार्य योजना नै पार्टीहरूले बनाएनन् ! पार्टीहरूका समिति र कमिटीका मान्छे विज्ञ र सल्लाहाकार बसेर भोजन तीर लागे धेरै ठाउँ ! यिनको काम मेयरको सहयोगी हुन योग्य पनि छैन ।

# राजसंस्था र राष्ट्रवाद

विचार



● हस्तबहादुर केसी

नेपालमा शाहवंशीय राजाहरूले नेपालमा २४० वर्षसम्म शासन गरे । यद्यपि राणाहरूले १०४ वर्षसम्म निरंकुश तथा जहानिया शासन गरेका थिए र राजाहरूलाई राष्ट्रप्रमुख कै रूपमा राखेका थिए । राणाहरूले आफूलाई श्री ३ को पद धारण गरेका थिए भने राजाहरूलाई श्री ५ को उपाधि दिँदै आएका थिए ।

आज पनि जुन देशहरूमा राजा बलिया छन् ती देशहरू सम्पन्न भएका छन्, जनता धनी भएका छन्, जस्तै जापान, बेलायतलगायतका संसारका धेरै सम्पन्न देशहरूमा राजसंस्थाहरू छन्, त्यहाँ धेरै विकास पनि भएको छ । तर जहाँ राजाहरू फालिए, राजाहरू फालिए जस्तै नेपाल, अफगानिस्तान जस्ता देशहरूको हालत यस्तो छ, त्यसो भएर नेपालमा पनि राजा र राजसंस्थालाई फालेपछि देश बर्वाद भयो, "राजा आउ देश बचाऊ" भन्ने नारा लगाएको पाइन्छ ।

यी माथिका भनाइहरू सत प्रतिशत गलत छ । नेपाललाई कंगाल बनाएको नेपालका राजाहरू र राजसंस्थाले हो । आर्थिक रूपमा, सामाजिक रूपमा, राजनीतिक रूपमा, सांस्कृतिकरूपमा समेत नेपाललाई बर्वादमा पुऱ्याउने काम नेपालका, राजाहरूले गरेका थिए । दार्शनिकरूपमा, धर्मको नाममा खास गरि हिन्दु धर्मको नाममा, ईश्वरीय दैवी शक्तिको रूपमा राजा महाराजाहरूलाई खडा गरेर नेपाललगायत राजा र राजसंस्था भएका देशहरूमा बर्वाद पार्ने काम प्रमुखरूपमा राजा महाराजाहरूले गरेको इतिहास मानव समाजको इतिहासमा ताजै छ । नेपालमा झन् हिन्दू राजाहरूले नै नेपाललाई बर्वादिको खाडलमा खसाल्ने काम गरेको इतिहास ताजै छ ।

नेपालमा राजाहरूलाई देशभक्त र राष्ट्रवादी थिए, त्यसो भएर "राजा आऊ, देश बचाऊ" भन्दै नेपालका राजावादीहरूले राजसंस्थाको पुनःस्थापना गर्नुपर्छ, अपदस्त राजा ज्ञानेन्द्र शाहलाई, राजाको रूपमा पुनःस्थापना गरे पछि मात्र देश बच्छ, राष्ट्र रहनेछ, भनिरहेका छन् । यी सबै कुराहरू झुट्टा हुन् ।

नेपालमा २०१९ साल (सन् १९६२) मा तत्कालीन राजा महेन्द्र शाहले सुदूरपश्चिम नेपालको कालापानीमा भारतीय सैनिक क्याम्प राख्न दिएका थिए । राजा महेन्द्रकै पालामा वि.सं. २०१९ साल (सन् १९६२) पहिलोपटक भारतले नेपालमाथि आक्रमण गरेको थियो । उनकै पालामा भारतले नेपालको कालापानीमा (हाम्रो कालापानीमा) कब्जा जमाएको थियो । आजसम्म पनि भारतले कालापानी कब्जा जमाइरहेको छ । कालापानीमा अहिलेसम्म पनि भारतीय सेना तैनाथ छन् ।

> *वि.सं. २०११ सालमा तत्कालिन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतसँग राष्ट्रघाती कोशी सम्झौता गरे, २०१६ मा तत्कालिन प्रधानमन्त्री बीपी कोइरालाले राष्ट्रघाती गण्डकी सम्झौता गरे, त्यस्तै २०५३ सालमा महाकाली नदी भारतलाई दिने सम्झौता पनि भयो । तर, त्यस्ता सम्झौताहरूमा नेपालका राजाहरूले एक शब्द नबोलेर लाल मोहर मात्रै लगाउने काम गरे ।*

त्यतिबेला कृतिनिधि विष्ट प्रधानमन्त्री थिए । कहिले र कुनै पनि बेला राजा महेन्द्र र त्यसपछिका राजाहरू वीरेन्द्र शाह, ज्ञानेन्द्र शाहहरूले भारतले कालापानीमा भारतले हस्तक्षेप गरेको र भारतीय सेनाहरू तैनाथ गरेकोमा कतै विरोध गरेका थिए त ? कतै पनि एक शब्द पनि बोलेका छैनन् नेपालका राजा र आफूलाई राजावादी हौं भन्नेहरूले । कतै आज भूपू राजा ज्ञानेन्द्र शाहले कालापानीमा २०१९ सालदेखि भारतले सैनिक तैनाथ गर्दै आएको विषयमा बोलेका छन् ? एक शब्द पनि बोलेका छैनन् ।

कसरी नेपालका राजाहरू देशभक्त र राष्ट्रवादी भए त ? माथिका प्रमाणहरूले प्रष्ट पारेका छन् कि नेपालका राजाहरू देशभक्त तथा राष्ट्रवादी नभए र अराष्ट्रवादी, देशद्रोही गद्धार थिए । नेपालमाथि वैदेशिक हस्तक्षेप हुँदा, भारतले आफ्नै देशको भूमि कालापानीमा भारतीय सेना क्याम्प राख्ने अनुमति दिने, आफू राजा भएकै बेला भारतीय सेनाहरूले आफ्नो देशको पवित्र भूमि कालापानीमा भारतीय सेनाले बुटले कुल्चिदासम्म 'चूँ' सम्म पनि गर्न नसक्ने राजाहरू पनि कति देशभक्त र राष्ट्रवादी हुन सक्छन् ? प्रमाणहरू आफै बोलिरहेका छन् ।

त्यति मात्र होइन, २०११ सालमा नेपाली कांग्रेसका प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतसँग राष्ट्रघाती कोशी सम्झौता गरे, २०१६ मा नेपाली कांग्रेसका प्रधानमन्त्री बीपी कोइरालाले राष्ट्रघाती गण्डकी सम्झौता गरे र २०५३ सालमा महाकाली नदी भारतलाई दिने सम्झौता पनि भयो । तर, त्यस्तो सम्झौताहरुमा एक शब्द नबोलेर लाल मोहर लगाउने नेपालका राजाहरू कसरी देशभक्त र राष्ट्रवादी भए ? मुख्य प्रश्न हो यो । नेपालका नदिनालाहरू बेचिरहेका बखत लालमोहर नलगाई दिएको भए ती राष्ट्रघाति सन्धि सम्झौताहरूले कानुनीरूपले वैधानिकता पाउने थिएनन् । भत्ता खाएर राष्ट्रघात गर्न दिने राजाहरू कसरी राष्ट्रवादी र देशभक्त भए ? उनीहरू प्रतिको प्रश्नको उत्तर छ नेपालका, राजा महाराजाहरूमा ? उत्तर छैन ।

यसका अतिरिक्त सन् १९६५ जनवरी ३० का दिन नेपाल भारत सुरक्षा सहयोग सम्झौता गरेर नेपालको सुरक्षा मामिला भारतको छातामुनी कैद गर्ने राजा महेन्द्र शाह कसरी राष्ट्रवादी तथा देशभक्त भए ? प्रमाणहरू आफै बोल्छन् । त्यस्तै २००७ सालमा राष्ट्रघाति त्रिपक्षीय दिल्ली सम्झौतामा हस्ताक्षर गर्ने राजा त्रिभुवन शाह कसरी राष्ट्रवादी र देशभक्त भए ? साथै २००८ साल कार्तिक २० गते भारतीय शासकहरूको विरोध गरेको आरोपमा विद्यार्थी नेता चिनियाँ काजी श्रेष्ठलाई काठमाडौंमा गोली ठोकेर हत्या गर्दासम्म एक शब्द नबोल्ने राजा त्रिभुवन शाह कसरी देशभक्त र राष्ट्रवादी भए ? अर्का देशभक्त सपूत भिमदत्त पन्तलाई भारतीय सेना डडेलधुरामा आएर २०१० सालमा उनको हत्या गरेर चौतारीमा उनको टाउको काटेर सुलिमा चढाइरहेको बेला एक शब्द पनि नबोल्ने राजा त्रिभुवन शाह कसरी देशभक्त र राष्ट्रवादी भए ?

नवलपरासीको सुस्तामा भारतले अतिक्रमण गरिरहँदा, पूर्वी नेपालको इलामको मानेभञ्ज्याङ र झापा जिल्लाको पशुपतिनगरमा भारतले अतिक्रमण गरिरहँदा कतै नेपालका राजाहरूले विरोध गरेका थिए ? गरेका छैनन् । त्यस्तै भारतले नेपालको सिमानामा ७३ स्थानमा भारतले अतिक्रमण गरेको विषयमा कतै राजाहरूले त्यसको विरोध गरेका थिए ? अहँ गरेका छैनन् । भारत नेपालको करिब ६० हजार जमिन अतिक्रमण गरेको छ, यस विषयमा नेपालका राजाहरूले भारतको विरोध गरेका थिए ? अहँ गरेका छैनन् । कसरी नेपालका राजाहरू राष्ट्रवादी र देशभक्त भए ? त्यसैले नेपालका राजाहरू कस्ता थिए ? भन्ने विषयमा नेपाली जनता जानिफकार छन् । यो भन्दा बढी भनिरहनु पर्दैन भन्ने लाग्दछ ।

***(केसी वरिष्ठ मार्क्सवादी लेखक तथा राजनीतिक विश्लेषक हुन् ।)***

# श्रीलंकामा नौ घण्टे कफ्र्यु




**काठमाडौं/एजेन्सी–** आर्थिक तथा राजनीतिक संकटमा परेको मुलुक श्रीलंकामा सोमबारदेखि नौ घण्टे कफ्र्यु आदेश जारी गरिएको छ । सरकारले घोषणा गरेको कफ्र्यु सोमबार बेलुका ८ बजेदेखि लागू भइ बिहान पाँच बजेसम्म कायम रहने भएको छ ।

विभिन्न आरोपमा झण्डै २०० मानिसलाई पक्राउ गरेको भोलिपल्ट सरकारले कफ्र्यु आदेश जारी गरेको हो । पक्राउ गरेकाहरूलाई कफ्र्यु आदेशको उल्लंघन गरेको, सार्वजनिक तथा अर्को व्यक्तिको सम्पत्ति तोडफोड गरेको, अशान्ति मच्चाएको, हिंसात्मक गतिविधिलाई प्रोत्साहन गरेको लगायतका आरोपहरू लगाइएको छ ।

आर्थिक संकटबाट गुज्रिएको श्रीलंकामा आर्थिक संकटकै कारणले राजनीतिक संकट पनि उत्पन्न भएको छ। विषेश गरेर आर्थिक संकट बढेपछि महँगी र अभाव बढेको थियो र त्यही कारणले आम नागरिक आन्दोलित भएका थिए। नागरिक आन्दोलनका कारण राजनीतिक संकट समेत उत्पन्न भएको छ।

नागरिक आन्दोलन चर्किदै गएपछि मन्त्रपरिषद् नै परिवर्तन गर्नु परेकोसम्मका राजनीतिक संकट उत्पन्न भएको छ । तत्कालीन निर्वाचित प्रधानमन्त्री महेन्दा राजापाक्षको राजीनामा माग गर्दै भइरहेको आन्दोलनका कारण उनले राजीनामा दिन बाध्य भएका छन् ।

उनको राजीनामाको केही दिनपछि राष्ट्रपति गोटावाय राजापाक्षले आइतबार मात्रै रनिल विक्रमासिंघेलाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए। नवनियुक्त प्रधानमन्त्री विक्रमासिंघेले चाँडै नै मुलुकको आर्थिक तथा राजनीतिक संकट समाधानको खाका तयार पार्ने अठोट व्यक्त गरेका छन् ।

यसैबीच चरम आर्थिक संकटबाट गुज्रिरहेको श्रीलंकामा शनिबारदेखि जारी रहेको अविरल वर्षाका कारण भीषण बाढी आएको छ । सो बाढीका कारण त्यहाँ पहिरो पनि गएको बताइएको छ । राजधानी कोलम्बोबाट दक्षिणमा रहेको रतनपूरा जिल्लामा बाढीको प्रकोप बढी देखिएको छ । यस प्रकोपमा परेर ६०० भन्दा बढी परिवारका २ हजार २९० जना विस्थापित हुन पुगेका बताइएको छ ।

त्यहाँका मौसमसम्बन्धी अधिकारीहरूले वर्षा अझै जारी रहने भएकाले सतर्कता अपनाउन भनेका छन्। सो जिल्लाका ८२ भन्दा बढी घर भत्किएका छन् भने अरू भौतिक संरचनामा पनि बाढीले क्षति पुऱ्याएको छ । सो बाढीका कारण आएको पहिराका साथै वर्षा जारी नै रहेकाले त्यहाँको धेरै क्षेत्र प्रभावित बनाउन सक्ने अनुमान गरिएको छ ।

# विश्वभर बढ्यो गहुँको मूल्य



**काठमाडौं/एजेन्सी–** भारतले निर्यात प्रतिबन्ध लगाएसँगै विश्वव्यापीरूपमा गहुँको मूल्य ह्वात्तै बढेको छ । भारतले निर्यात रोकेपछि गहुँको मूल्य बढेको बेलायती समाचार संस्था बीबीसीले उल्लेख गरेको छ । भारतको निर्णयसँगै गहुँको मूल्यमा उच्च वृद्धि आएको हो ।

भारतले गत साता आन्तरिक बजारमा मूल्य बढेको भन्दै गहुँको निर्यातमा रोक्ने निर्णय गरेको थियो । यतिबेला विश्वबजारमा गहुँको मूल्य ६० प्रतिशतभन्दा बढीले उकालो लागेको स्थिती छ। अन्तर्राष्ट्रिय बजारमा गहुँको प्रयोग रोटी बनाउनेदेखि नूडल्स लगातका खाद्य वस्तु उत्पादनमा प्रयोग गरिन्छ ।

निर्यात प्रतिबन्ध लगाउँदै भारतको केन्द्र सरकारले भनेको छ, 'देशको खाद्य आवश्यक्ता पूर्ति गर्न निर्यात बन्द गरिएको हो ।' यद्यपि भारतीय सरकारी अधिकारीहरूका अनुसार यो प्रतिबन्ध स्थायी नभई अस्थायी मात्र हो ।

भारतको गहुँ निर्यात प्रतिबन्ध लगाउने निर्णयसँगै जर्मनीका कृषि तथा खाद्य मन्त्री केम ओज्डेमिरले विरोध गरेका छन् । उनले जी सेभेनको सभामा बोल्दै भनेका छन्, 'यदी सबै मुलुकले आफ्नो आवश्यक्ता पुरा गर्न निर्यात बन्द गर्ने हो भने आगामी दिनमा नराम्रो स्थिती आउन सक्छ ।'

खासगरी, रुस-युक्रेन युद्धका कारण यतिबेला विश्वभर गहुँको आपूर्ति व्यवस्था खलबलिएको छ । मूल्यवृद्धि भएसँगै भारतले आन्तरिक माग पुरा गर्न भन्दै निर्यातमा प्रतिबन्ध लगाएको छ । यसअघि, इण्डानेशियाले पाम तेलको निकासी पूर्णरुपमा रोकेको थियो । आन्तरिक बजारमा तेलको मूल्य बढेको र त्यसलाई नियन्त्रण गर्नेभन्दै इण्डोनेशिया सरकारले पाम तेल निकासी रोकेको थियो ।

## INVITATION FOR BIDS

**Provincial Government**
**Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**
**Urban Development and Building Office**
**Rajpur, Doti**

**Date of publication: May 17, 2022(2079-02-03)**

1. Urban Development and Building Office, Doti invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of following Works under National Competitive Bidding (NCB) .

| S. No. | Contract Identification No. | Description | Location Of Project | Estimated Amount ( Inclusive of VAT and Provisional Sum) NRs. | Price of Bid Document | Bid Validity Period Total | Bid Security /Bid Bond |
|---|---|---|---|---|---|---|---|
| 1 | UDBO/Doti/W/SQ/2078-079-03 | Playground Construction Works | Badimalika Municipality-08, Bajura | 1999470.64 | NRS. 1000 | 45+30= 75 days | 55000 |
| 2 | UDBO/Doti/W/SQ/2078-079-04 | Playground Construction Works (Retaining Wall 1 Construction) | Badimalika Municipality-08, Bajura | 1999658.62 | NRS. 1000 | 45+30= 75 days | 55500 |
| 3 | UDBO/Doti/W/SQ/2078-079-05 | Playground Construction Works (Retaining Wall 2 Construction) | Badimalika Municipality-08, Bajura | 1999993.52 | NRS. 1000 | 45+30= 75 days | 56000 |
| 4 | UDBO/Doti/W/SQ/2078-079-06 | Construction of Gabion Wall | Badimalika Municipality-08, Bajura | 1999389.98 | NRS. 1000 | 45+30= 75 days | 54500 |
| 5 | UDBO/Doti/W/SQ/2078-079-07 | Construction of Gabion Wall | Badimalika Municipality-08, Bajura | 1999738.19 | NRS. 1000 | 45+30= 75 days | 54000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Urban Developmet and Building Office, Doti, udbodoti@gmail.com,9742388208* ) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| Office Name | Urban Developmnet and Building Office ,Doti | | Pre Bid Meeting | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank, Dipayal Doti | | Not Applicable | June 01, 2022 12:00 Hours | June 01, 2022 14:00 Hours |
| Revenue Account No. | 1000100200010000 | | | | |
| Revenue Code No. | 14229 | | | | |
| Deposit Account No. | 4100100202030000 | District Treasury Controller Office, Doti | | | |
| Office Code No. | 3370471017 | Urban Development and Building Office Doti | | | |

4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Urban Development and Building Office Doti on or before **12.00** on June 01, **2022.**
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on **14.00** on June 0**1, 2022** at the office of **UDBO, Doti**. Bids must be valid for a period of **90 days** counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Office Chief**

**ZERO COST RECRUITMENT Opportunity for Malaysia!!**
**शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!Free Food | Transportation | Accommodation from Job Offer to Deployment!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! कामको प्रस्ताव देखि उडान सम्म निःशुल्क खाना ! यातायात ! आवास !

**रोजगारदाता कम्पनी: रोबर्ट बोश (एम) एसडिएन बिएचडि**
**Employer Company : ROBERT BOSCH (M) SDN BHD**

| पूर्व स्वीकृत मिति: २०२२/०४/११ | चलानी नं: ६०१७७७७९ | एल टि नं : २६१२८० |
|---|---|---|
| Pre Approval Date: 2022/04/11 | Invoice No.: 60177779 | LT No.: 261280 |

| सि.नं S.N. | कामदार को पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औधोगिक कामदार Factory Worker | ३० 30 | १५० 150 | सिलाई सम्बन्धी ज्ञान र अनुभव भएको Knowledge and experience in Sewing | १२०० 1200 | ३३,७३२ 33,732 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants. are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोंटको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु. ५,०००/– रोजगारदाताले ब्यहार्ने NPR 5000/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।– रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

**अन्लाईन अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०७९ जेष्ठ १० गते हुनेछ।**
**Online Interview will be held at IMR office, Gwarko, Lalitpur on May 24, 2022.**

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
IInterview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् /Beware of Illegal Recruiters**
धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध आईएमआरको हटलाइन नं ९७७ ९८०११३७७६९ मा वा ईमेल **imr.grievance@gmail.com** मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस् । हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं । Feel free to report against fraud, illegal activities or corruption in IMR's Hotline **+977 9801137769** or email at **imr.grievance@gmail.com**. We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस बिज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**International Manpower Recruitment (P) Ltd.**
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9818979632, 9801045628, 9801031586
License No. 309/059/060

**यूएइमा रोजगार** | कम्पनी : **DUBAI TAXI CORPORATION (RTA)**
शहर: **DUBAI**

पूर्व स्वीकृत मिति: २०७८/०१/१६ चलानी नं.: ६०१७८७७४ **LT. No.: 262550** पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Driver | 300 | 0 | सम्बन्धित काममा दक्ष | 2750 | ९२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Taxi Drivers | 500 | 0 | | 2000 | ६७,३२० | | | | | | | |

अन्तर्वार्ता ओम साई क्याटेरिङ सर्भिस सेन्टर एण्ड पार्टी प्यालेस, काठमाडौंमा २०७९ जेष्ठ ७ गते (21 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता सिद्धार्थ होटल, बिर्तामोडमा २०७९ जेष्ठ ८ गते (22 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता दुर्गा पार्टी प्यालेस, इटहरीमा २०७९ जेष्ठ ९ गने (23 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा, पोखरामा २०७९ जेष्ठ १० गने (24 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता ओम साई क्याटेरिङ सर्भिस सेन्टर एण्ड पार्टी प्यालेस, काठमाडौंमा २०७९ जेष्ठ ११ गते (25 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता एशियन होटल, बुटवलमा २०७९ जेष्ठ १२ गने (26 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट, चितवनमा २०७९ जेष्ठ १३ गने (27 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4484789, 4484468
Mob.:9841506020,9843390045,9823834848,9851121980,9819679716
E-mail : aayushoverseas123@gmail.com, Web.: www.aayushoverseas.com
Govt.Lic.No. 1341/074/075

**INTERSCAFF SAFETY**
**International Vocational Training School**
- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services



NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety
Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

# बक्स अफिस समाचार

## राजु लामा चुचुरोमा



**काठमाडौं /मस–** गायक राजु लामाले सर्वोच्च शिखर सगरमाथा आरोहण गरेका छन् । उनी सोमबार बिहान सगरमाथाको चुचुरोमा पुग्न सफल भएका हुन् । इम्याजिन नेपाल एक्सपिडिसनले आफ्नो टिमले बिहान ४ बजेदेखि ६ बजेर ४० मिनेटसम्म सबै जना सगरमाथाको चुचुरोमा पुगेको सामाजिक संजालमार्फत सार्वजनिक गरेको छ ।

इम्याजिन नेपाल एक्सपिडिसनका तर्फबाट २७ जनाले सगरमाथा चुमेका छन् । आरोहण दलको नेतृत्व मिङ्मा जीले गरेका थिए । उनले भने अक्सिजनबिनै चुचुरो चढेको जनाइएको छ । इम्याजिन नेपाल एक्सपिडिसन ग्रुपमा नेपाल, चीन, अष्ट्रेलिया, रुस लगायतका आरोही सहभागी छन् ।

जलवायु परिवर्तनको असरबारे सन्देश दिन सर्वोच्च शिखर चढेका लामाले सगरमाथाको ६,५७४ मिटर उचाइमा एक कन्सर्ट समेत गरेका थिए । लामा चर्चित सांगीतिक ब्यान्ड मंगोलियन हार्टका गायक हुन् । उनका थुप्रै गीत नेपाली सांगीतिक क्षेत्रमा हिट छन् ।

## ट्यालेन्ट हन्टको अडिसन खुला, पचास लाख जित्ने अवसर




**काठमाडौं /मस–** नेपालमै पहिलो पटक आयोजना हुन लागेको टेलिभिजन रियालिटी सोमा नेपाल भित्र रहेका अनेक प्रतिभालाई एकै मञ्चमा प्रस्तुत गर्ने उद्देश्यसहित सञ्चालन हुन लागेको नेपाल ट्यालेन्ट हन्टले डिजिटल अडिसन शुरु गरेको छ ।

आयोजक साइना साहारा ग्रुपले सोमा भाग लिन चाहने प्रतिभाशाली कलाकारले डिजिटल अडिसनमार्फत सहभागिता जनाउन सक्ने बताएको छ। सोका निर्माता टेकप्रसाद बाँस्तोलाले यो रियालिटी सोमा कलाकारले गायन, नृत्य, अभिनय, कमेडी आदि विधामा आफ्नो प्रतिभा प्रस्तुत गर्न सक्नेछन्। रियालिटी सो को निर्णायको रुपमा गौरी मल्ल, रमेश उप्रेती, निशा अधिकारी र यम बराल रहेका छन्। साइना साहारा ग्रुपको प्रस्तुति रहेको यस सोका निर्माता टेकप्रसाद बाँस्तोला रहेका छन भने निर्देशकमा हरी शर्मा र प्रोग्राम हेडमा सहदेव कोइराला रहेका छन् ।

सोमा विजेता हुने प्रतियोगीले पचास लाख देखि विभिन्न अबसर सम्म प्राप्त गर्न सक्ने आयोजकले जनाएको छ । योबाहेक सम्बन्धित विधामा विजेता बन्ने प्रतियोगीले फिल्म, टेलिसिरियल, म्युजिक भिडियो आदिमा पनि अवसर पाउन सक्ने आयोजकको दाबी छ ।

अडिसनमा सहभागी हुन चाहाने प्रतियोगीले १५ सेकेन्डदेखि ३ मिनेटसम्मको भिडियो बनाइ आयोजकको ठेगानामा पठाउनुपर्नेछ । यसरी अडिसनपछि छानिने प्रतियोगीले क्रमैसँग आफूलाई अब्बल सावित गर्दै लैजानुपर्नेछ । असोजमा विजेताको छनोट गरिने आयोजकले जनाएको छ।

## अकेशाको बियोगमा ब्यास

**काठमाडौं /मस–** यही जेठ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म ‘लाइफ इन एलए’को नयाँ गीत सार्वजनिक भएको छ । सोमवार यूट्युबमा सार्वजनिक गरिएको ‘बसन्’ बोलको वियोगान्त गीतमा आर्यन पाठकको शब्द, संगीत र स्वर छ। गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता ब्यास बिस्सु र अभिनेत्री अकेशा विष्ट फिचर्ड छन्। गीतमा उनीहरुको प्रेम वियोगलाई देखाइएको छ ।

विभिन्न शिलशिलामा अमेरिका पुग्ने नेपालीको कथामा निर्माण भएको फिल्मलाई सूर्य एन श्रेष्ठले निर्देशन गरेका हुन्। शिल्पा मास्के, गौरव पहारी, बुद्धि तामाङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, अमेरिकामा बसोबास गर्ने जारेड बिलप्स, साम भुजेल, जयन्द्र चिलुवाललगायतको पनि अभिनय रहेको फिल्मको अमेरिकाको एलएमा ७० प्रतिशत र नेपालमा ३० प्रतिशत छायांकन भएको हो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
भक्तपुर शाखा, भक्तपुर नगरपालिका
सम्पर्क फोन: +९७७-०१-६६११९८२/८३/८४

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री सिधर मचामसीको नाति, शेर बहादुर मचामसीको छोरा, बागमती प्रदेश भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ५ हाल भक्तपुर - ५ बस्ने ७० वर्षको श्री च्यान्ता मचामसीको मिति २०७९/०१/०३ (ई.सं. १६/०४/२०२२) मा मृत्यु भएकोले स्व. च्यान्ता मचामसीकी पत्नी हाल भक्तपुर - ५ बस्ने श्रीमती तुल्सी माया मचामसीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको भक्तपुर शाखा, भक्तपुर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
झुम्का शाखा, रामधुनी नगरपालिका, सुनसरी
सम्पर्क फोन: +९७७-०२-५५६२०८८/२८९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री विर बहादुर श्रेष्ठको नाति, राम बहादुर श्रेष्ठको छोरा, प्रदेश १ सुनसरी जिल्ला, रामधुनी नगरपालिका वडा नं. ०६ हाल रामधुनी - ६ बस्ने ५५ वर्षको श्री नन्द कुमार श्रेष्ठको मिति २०७८/१२/१६ (ई.सं. ३०/०३/२०२२) मा मृत्यु भएकोले स्व. नन्द कुमार श्रेष्ठकी पत्नी हाल रामधुनी - ६ बस्ने श्रीमती लक्ष्मी देवी श्रेष्ठले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको झुम्का शाखा, रामधुनी नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
महाराजगन्ज शाखा, काठमाडौं महानगरपालिका
सम्पर्क फोन: +९७७-०१-४३७९३९६/९७/९८

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री बुधे लामाकी नातिनी, इमान सिंह लामाकी छोरी, बागमती प्रदेश नुवाकोट जिल्ला, पञ्चकन्या गाउँपालिका वडा नं. ३ हाल काठमाडौं - १२ बस्ने ६१ वर्षकी श्रीमती शिला देबी थापाको मिति २०७८/१२/०३ (ई.सं. १७/०३/२०२२) मा मृत्यु भएकोले स्व. शिला देबी थापाको छोरा हाल काठमाडौं - १२ बस्ने श्री अंगुर कुमार थापाले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको महाराजगन्ज शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**Provincial Government**
**Sudurpaschim Province**
**Ministry of Physical Infrastructure**

## Development Water Supply and Sanitation Division Office

**Dadeldhura**

## Invitation for Bid (IFB)

**(First date of publication: 2079-02-03 (May 17, 2022)**

1. Water Supply and sanitation division office, Dadeldhura invites open competitive bidding from eligible bidders for the procurement of following goods under National Competitive Bidding (NCB).

| S.No. | Contract Identification No. | Description | Location Of Project | Estimated Amount ( Inclusive of VAT ) NRs. | Price of Bid Document | Bid Validity Period Total | Bid Security /Bid Bond |
|---|---|---|---|---|---|---|---|
| 1 | WSSDO/DDL/Goods/ SC/2078-079-01 | procurement ,Supply and delivery of HDPE Pipe for Various Water Supply Project Dadeldhura District Project 1 | WSSDO Office Dadeldhura Store | 1158764.12 | NRS. 1000 | 45+30=75 days | 31800.00 |
| 2 | WSSDO/DDL/Goods/ SC/2078-079-02 | procurement ,Supply and delivery of HDPE Pipe for Various Water Supply Project Dadeldhura District Project 2 | WSSDO Office Dadeldhura Store | 1985768.72 | NRS. 1000 | 45+30=75 days | 54500.00 |
| 3 | WSSDO/DDL/Goods/ SC/2078-079-03 | procurement ,Supply and delivery of HDPE Pipe for Various Water Supply Project Dadeldhura District Project 3 | WSSDO Office Dadeldhura Store | 1793887.61 | NRS. 1000 | 45+30=75 days | 50000.00 |
| 4 | WSSDO/DDL/Goods/ SC/2078-079-04 | procurement ,Supply and delivery of HDPE Pipe for Various Water Supply Project Bajhang District Project 1 | WSSDO Field Office Bajhang Store | 1999804.93 | NRS. 1000 | 45+30=75 days | 55000.00 |
| 5 | WSSDO/DDL/Goods/ SC/2078-079-05 | procurement ,Supply and delivery of HDPE Pipe for Various Water Supply Project Bajhang District Project 2 | WSSDO Field Office Bajhang Store | 1999792.1 | NRS. 1000 | 45+30=75 days | 54500.00 |
| 6 | WSSDO/DDL/Goods/ SC/2078-079-06 | procurement ,Supply and delivery of HDPE Pipe for Various Water Supply Project Bajhang District Project 3 | WSSDO Field Office Bajhang Store | 1999199.14 | NRS. 1000 | 45+30=75 days | 55000.00 |
| 7 | WSSDO/DDL/Goods/ SC/2078-079-07 | procurement ,Supply and delivery of HDPE Pipe for Various Water Supply Project Bajhang District Project 4 | WSSDO Field Office Bajhang Store | 1999209.34 | NRS. 1000 | 45+30=75 days | 55500.00 |

2. Information to deposit the cost of bidding document and bid security in the bank

| Office Name | Water Supply and Sanitation Division Office, Dadeldhura | | Pre-Bid Meeting | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank, Amargadhi, Dadeldhura | | Not Applicable | June 1, 2022 12:00 Hours | June 1, 2022 14:00 Hours |
| Revenue Account No. | 1000100200010000 | | | | |
| Revenue Code No. | 14229 | | | | |
